स्थानीय 'ख' वर्गको
# झुलेनी पोष्ट
www.jhulenipost.com

वर्ष ९, अंक १५, २०७९ मंसिर ०६ मंगलवार (Jhuleni Post Weekly 22 Nov. 2022) पृष्ठ ८, मुल्य रु. २० साप्ताहिक

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६

कार्यालय :
प्यूठान न.पा.-४, बिजुवार
Email :
jhulenipyuthan@gmail.com

# विवाद टुङ्गिए पछि यसरी हुँदैछ प्यूठानमा मतगणना



झुलेनी नेटवर्क
प्यूठान

जिल्लामा मतदान भएको दुई दिनपछि मात्र मतगणना शुरु भएको छ । जिल्ला समन्वय समिति प्यूठानको सभाहलमा मंगलवार विहानदेखि मतगणना शुरु भएको हो । सोमवार बसेको सर्वदलीय वैठकले विवादित विषयको निर्णयमा टुंगो लगाएपछि मतगणना दुईदिन ढिलापछि शुरु भएको छ । नेरा मावि नौबहिनी गाउँपालिका ५ डामृ (ख) मतदान केन्द्र र बालज्योती आधारभूत विद्यालय प्यूठान नगरपालिका ८ गेजवाङ (क) मतदान केन्द्रमा प्रतिनिधीसभा सदस्यको मतपत्र दिनुपर्नेमा मतदान अधिकृतले प्रदेशसभा सदस्यको मत्रपत्र दिएपछि विवाद भएको थियो । त्यसले बसेको सर्वदलीय बैठक साँझ टुंगिए पनि सोमवार प्यूठानमा मतगणना शुरु हुन् सकेको थिएन । दुवै मतदान केन्द्रमा गरी १ सय ४६ जना मतदाताहरु प्रतिनिधीसभा सदस्यमा मतदान गर्नबाट बञ्चित भएका थिए । गेजवाङमा एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालयका भाष्कर पौडेल र डामृमा प्यूठान नगरपालिकाका विष्णु प्रसाद पोखेल मतदान अधिकृत थिए । मतपेटिकामा खसेका फरक मत्रपत्रहरु रद्द गर्नेगरी निर्वाचन आयोग नेपालले निर्णय गरिदिएपछि मतगणना गर्ने निर्णय भएको हो । मतदान केन्द्रमा खटिएका मतदान अधिकृत सहित कर्मचारीहरु संवेदनशिल नभएको भन्दै जिल्लाभर यसको चौतर्फी विरोध भइरहेको थियो। मतदान अधिकृतलाई कानुनी कारवाही गर्न जनस्तरबाट माग भइरहेको छ । जिल्लाभर २ सय २३ वटा मतदान केन्द्रमध्ये दुई मतदान केन्द्रमा मात्र त्रुटी हुनु रहस्य भएको सम्वन्धित मतदान केन्द्रका मतदाताले प्रतिक्रिया दिएका थिए ।

त्यस्तै, गौमुखी गाउँपालिका ५ लामीवगर स्थित ज्ञानोदय आधारभूत विद्यालयको एउटा मतपेटिकामा प्वाल परेको र मतदान अधिकृतबी

बाँकी ५ पेजमा

के तपाई घर बनाउँदै हुनुहुन्छ? आफ्नो घर अरूको भन्दा फरक र आकर्षक होस् भन्ने चाहाना राख्नु भएको छ ?

त्यसो हो भने हामीलाई सम्झनुहोस् । अब प्यूठानमा पहिलोपटक आकर्षक तथा उत्कृष्ट कोरियन यू.पि.भि.सि. प्रविधिका गुणस्तरिय झ्याल, पार्टेसन र ढोकाहरू हामीले लिएर आएका छौं ।



साथै घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्री आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।

प्रो. प्रभात के.सी. ९८५७८३३९८१/९८४७८२१९८०

एसियन यू.पि.भि.सि. एण्ड सप्लायर्स
प्यूठान नगरपालिका ४ जुम्री बजार प्यूठान

## हाम्रो नजर

### प्यूठानका दुर्गम बस्तीमा अझै पुगेन् विजुली



प्यूठानले आफ्नै पानीबाट झिमरुक जलविद्यूत आयोजना संचालन गरेको २८ वर्ष पुग्यो । १२ मेगावाट क्षमताको उक्त आयोजना संचालनको यति लामो समय वितिसक्दा पनि जिल्लाका केही गाउँहरु अझैपनि अन्धकारजस्तै छन् । स्थानीय खोलाहरुबाट लघु जलविद्युत्त उत्पादन गरेर जसोतसो काम त चलेको छ तर त्यसले दिगो समाधान दिन सकेको छैन् । बर्खाको भेलले आयो जनालाई क्षति गर्दा महिनौ दिन मर्मतमा पर्खनुपर्छ । जिल्लाको सवैभन्दा दुर्गम गाउँ नौवहिनी गाउँपालिका १ स्याउलीवाङको कुनै पनि बस्तीमा अहिलेसम्म विद्युत्त विस्तार भएको छैन् । गाउँका ७ सय ५० घरधुरीका हजारौं नागरिकहरु विद्युत्तबाट बञ्चित छन् । "गाउँलेहरु मिलेर लघु जलविद्युत्त आयोजना संचालन त छ", निवर्तमान वडा अध्यक्ष शेर बहादुर शेनले भने, "तर बर्खामा सँधैको बर्खामा बिग्रदा मर्मत गर्नै समस्या पर्छ । खर्चिलो पनि उत्तकै छ ।" उनले गाउँलेहरु मिलेर तीनवटा लघु जलविद्युत्त आयोजना संचालन गरेर गाउँमा जसो तसो उज्यालो बनाएको सुनाए ।

३२ लाख लगानीमा १८ किलोवाट क्षमताको सरिमाखोला लघु जलविद्युत, २५ लाख रुपैयाँ लगानीमा १६ किलोवाट क्षमताको पँधेरा कोटखोला लघु जलविद्यूत र १५ लाख रुपैयाँ लगानीमा ८ किलोवाट क्षमताको खारखोला लघु जलविद्युत्त आयोजना संचालन गरेको शेनले बताए । स्थानीयको लगानीमा सौर्य ऊर्जा प्रवर्द्धन केन्द्रले साथ दिएको उनको भनाई छ । नेपाल विद्युत्त प्राधिकरण प्यूठानका अनुसार स्याउलीवाङ सहित खवाङ, लिघा, अर्खा र रजावारामा गरी करिव १ हजार घरधुरीमा विद्युत्त विस्तार हुन सकेको छैन् । अन्य गाउँका केही बस्तीहरुमा विस्तार भएपनि स्याउलीवाङका कुनै पनि घरधुरीमा विद्युत्तले छोएको छैन् ।

जिल्लाबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधी र केन्द्रिय राजनीतिमा भएका नेताहरुले दुर्गमको बस्तीमा चासो नदिएको स्थानीयको गुनासो छ । स्याउलीवाङको ठूलो बस्तीमा मोटरबाटो समेत पुगेको छैन् । घण्टौं पैदल हिडेर नागरिकहरु बजार जान बाध्य छन् । जिल्लामा विकास दुर्गम गाउँबाट शुरु गर्न यहाँका नागरिकहरुले सुझाव दिएका छन् । हरेक निर्वाचनमा गाउँमा विजुली र मोटरवाटो लैजाने नेताहरुले गुलिया आवश्वासन बाढ्छन् । तर, चुनाव जितेर गइसकेपछि गाउँका नागरिकका पीडाहरु बिर्सने गरेको स्थानीयको दु:खेसो छ । समयमै विद्युत्त विस्तार गर्न नेपाल विद्युत्त प्राधिकरणलाई दवाव दिइरहेको नौवहिनी गाउँपालिका अध्यक्ष दिल बहादुर थापाले प्रतिक्रिया दिए । "काम छिटो गर्न हामीले दवाव दिइरहेका छौं", थापाले भने, "स्याउलीवाङको अपुरो बाटो पनि यही वर्ष पुरा गर्छौं । प्रदेशबाट ४० लाख आएको छ । गाउँपालिकाले ५० लाख छु ाएको छ । सडककै कारण विद्युत्त विस्तार गर्न रोकिदैन् ।"

चालु आर्थिक वर्षभित्र विद्युत्त विस्तार हुन बाँकी रहेका सवै ठाउँमा विस्तार गर्ने योजना रहेको नेपाल विद्युत्त प्राधिकरण वितरण केन्द्र प्यूठानका प्रमुख महेन्द्र कुमार दासले जानकारी दिए । "टेण्डर भइसकेको छ । पोलहरु आइसके । तार आउन बाँकी छ", उनले भने, "यसै आर्थिक वर्षभित्र सवै ठाउँमा विस्तार गर्छौं ।" उनले रजवारामा ७० प्रतिशत विद्युतीकरण गर्न बाँकी रहेको सुनाए । स्वर्गद्वारी नगरपालिकाको वडा नम्वर १ कोचिवाङमा बढीमा २० घरधुरीमा काम पुरा गर्न बाँकी रहेको उनले बताए ।

झुलेनी पोष्ट
सम्पादकीय....

## निर्वाचनमा नागरिकको उत्साहजनक सहभागिता हुनुपर्छ

*संविधानसभा निर्मित संविधान जारी भएयता दोस्रो पटक प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन सम्पन्न भएको छ । यो कुरा मुलुकको राजनीतिक विकासमा अर्को सुखद कोसेढुंगा हो । यसबाट संघमा नयाँ प्रतिनिधिसभा र सरकार मात्र बन्नेछैनन्, प्रदेशमा पनि दोस्रो पटक प्रदेशसभा बनी नयाँ सरकारहरु गठन हुनेछ । नया मुख्य मन्त्रीहरु बन्नेछन् । छ महिनाअघि सम्पन्न स्थानीय तहको निर्वाचनमार्फत बनेका स्थानीय सरकारहरु क्रियाशील नै छन् । स्थानीय तह र प्रदेश तहको यो अविच्छिन्नताको प्रत्याभूतिले मुलुकमा संघीय पद्धतिको थिति बसाल्न निःसन्देह मद्दत पुगेको छ । ठीक पाँच वर्षको अन्तरमा यसरी आवधिक निर्वाचन सुनिश्चित हुनुले संसदीय व्यवस्थाकै स्थायित्वका निम्ति पनि बल मिलेको छ । समष्टिमा यसबाट संघीय लोकतान्त्रिक गणतन्त्र थप संस्थागत भएको छ ।*

*नागरिकले आफ्नो सार्वभौम अधिकार प्रदान गर्न पाउने लोकतन्त्रको यो उत्सव धेरै अर्थमा सिकाइको अवसर पनि हो । राजनीतिक दलहरुले आफ्नो कार्यसम्पादन र राजनीतिक वैधताको परीक्षण गर्ने मात्र होइन, मतादेशका प्रकाशमा भविष्यमा आफूलाई अघि बढाउने सुनौलो मौका पनि हो, जहाँ मतदाताले पनि अघिल्लो पटकको आफ्नो निर्णयको समीक्षा गरी तदनुरुप नयाँ जनादेश दिएका छन् । यसर्थ सम्बन्धित सबैले आ-आफ्ना गल्ती सच्याउँदै, सिक्दै र सुधँदै जाने सुनौलो अवसर हो चुनाव, जसको निरन्तर र आवधिक प्रयोगबाट लोकतन्त्र मजबुत बन्दै गएको/जाने विश्वास गर्न सकिन्छ । राजनीतिक प्रणाली स्थापित भए पनि कतिपय शक्तिबाट यसबीचमा संविधानमाथि नै प्रहार भएको, सरकारमा जो पुगे पनि सार्वजनिक सेवा वितरण प्रणालीमा कति पनि सुधार हुन नसकेको र प्रदेशहरुमा पनि पहिलो कार्यकालमै संघमा जस्तो सत्ताकेन्द्रित विद्रूप राजनीतिको रोग सरेको परिप्रेक्ष्यमा सम्पन्न यो चुनावले कस्तो नतिजा दिन्छ, त्यो केही दिनमा प्रस्ट हुने नै छ । तर, जसरी निर्वाचन आयोगको प्रारम्भिक आँकडा अनुसार देशभर विगतको भन्दा कम मत खसेको देखिएको छ, यो नै पनि आफैंमा ठूलो सन्देश हो, जसबाट खास गरी राजनीतिक दलहरुले पाठ सिक्नैपर्छ ।*

*राजनीति प्रति युवा पिडी निराशाजनक छ । प्रतिनिधिसभा र प्रदेशसभाको अघिल्लै निर्वाचनमा पनि करिब दुईतिहाइ मत खसेको थियो । यो चुनावमा त्यो सुखद विगत दोहोरिन सकेन, करिब ६१ प्रतिशत मात्रै मत खसेको आयोगको प्रारम्भिक तथ्यांक छ । गत स्थानीय चुनावमा पनि अघिल्लोका तुलनामा करिब १० प्रतिशत कम मत खसेको थियो । कतिपय विकसित देशहरुका तुलनामा अहिले खसेको मत नै धेरै भए पनि नेपालको तुलना आफ्नै विगतसित हुनुपर्छ । त्यस हिसाबले यस पटकको परिदृश्य सोचनीय छ । जुनसुकै दल सत्तामा पुगे पनि आफ्ना र आसेपासेको मात्र हित हेरेका, जनताको जीवन उज्यालो बनाउन कुनै कदम नचालेका र यो निर्वाचनमा विश्वासलाग्दा र दिल छुने मुद्दा पनि अघि नसारेका कारण नागरिकहरु मतदानप्रति विकर्षित भएको बुझ्न मुस्किल छैन । यसका पछाडि राजनीतिक दलहरुबीच गठबन्धन निर्माण र रोजगारीका लागि विदेशिने बढ्दो प्रवृत्ति लगायतका राजनीतिक-सामाजिक कारण पनि छन् भने, त्योचाहिँ अनुसन्धेय विषय हो । यसमा राजनीतिक दलहरुको मात्र होइन, आयोगको पनि ध्यान जानुपर्छ ।*

# भ्याट कार्यान्वयनको २५ वर्ष- के के भए? अब के हुनुपर्छ?



रूप खड्का

नेपालमा मूल्य अभिवृद्धि कर (भ्याट) लागू भएको २५ वर्ष पुगेको छ। वस्तुगत कर प्रणालीलाई सरल, सहज, सक्षम र पारदर्शी बनाई मुलुकको आन्तरिक राजस्व परिचालनमा दिगोपन ल्याउन २०५४ मंसिर १ गते साबिकका बिक्रीकर, होटल कर, ठेक्का कर तथा मनोरञ्जन करको सट्टा विस्तृत आधार भएको एकल दरको मूल्य अभिवृद्धि कर लागू गरिएको थियो।

सुरूका दिनमा यो करको विभिन्न कोणबाट प्रत्यक्ष र परोक्ष रूपमा ठूलो विरोध भएको थियो। यसको कार्यान्वयन सहज रूपमा भएको थिएन। बिस्तारै मूल्य अभिवृद्धि करलाई थप करका रूपमा नभई अन्य करहरूको सट्टा लागू गरिएको र यसले प्रतिस्थापन गरेको बिक्रीकरका साथै अन्तःशुल्क, भन्सार महसुल तथा आयकरको तुलनामा मूल्य अभिवृद्धि करबाट कम लागतमा बढी राजस्व परिचालन गर्न सकिने तथ्य बुझ्दै गएपछि विरोध कम हुँदै गएको थियो। नेपालमा मूल्य अभिवृद्धि करको सम्भावनाबारे मैले २०४५ मा नेदरल्यान्ड्सको एमस्टर्डमस्थित इन्टरनेसनल ब्युरो अफ फिस्कल डकुमेन्टेसनमा 'भ्याट इन एसिया एन्ड प्यासिफिक रिजन' शीर्षकमा अध्ययन प्रतिवेदन तयार गरेको थिएँ। उक्त प्रतिवेदनमा मैले मूल्य अभिवृद्धि करका सैद्धान्तिक पक्ष र त्यति बेलासम्म एसिया-प्रशान्त क्षेत्रका मुलुकहरूमा लागू गरिएका मूल्य अभिवृद्धि करको संरचना र सञ्चालन प्रक्रिया विश्लेषण गरेको थिएँ। नेपालका लागि उपयुक्त मूल्य अभिवृद्धि करको खाका तयार गर्नुका साथै नेपालमा यो कर पूर्ण तयारी गरेर मात्र लगाउनुपर्ने सुझाव पनि दिएको थिएँ।

२०४७ सालमा बहुदलीय व्यवस्था पुनर्स्थापनापछि २०४८ सालमा गठन भएको सरकारले व्यापक आर्थिक सुधार कार्यक्रम लागू गर्न राष्ट्रिय योजना आयोगमा 'आर्थिक नीति सुधारसम्बन्धी कार्यदल' गठन गरेको थियो। उक्त कार्यदलमा म राजस्व विषय हेर्ने सदस्य थिएँ। कार्यदलले आफ्नो प्रतिवेदनमा कर सुधार गर्न आठौं योजना अवधिभित्र विभिन्न वस्तुगत करहरूको सट्टा एउटा मूल्य अभिवृद्धि कर लगाउनुपर्ने सुझाव दिएको थियो।

### मूल्य अभिवृद्धि कर लागू गर्ने तयारी

नेपालमा मूल्य अभिवृद्धि कर लगाउने तयारी २०५० भदौदेखि सुरू गरिएको थियो। २०५१ कात्तिकमा सम्पन्न मध्यावधि निर्वाचनपछि गठन भएको नयाँ सरकारले २०५१ माघ महिनामा कर प्रणाली पुनरावलोकन कार्यदल गठन गऱ्यो। कार्यदलले दिएको सुझावका आधारमा सरकारले कर सुधार कार्य अगाडि बढाउने निर्णय गरेपछि मूल्य अभिवृद्धि करसम्बन्धी तयारी केही समयका लागि स्थगित गरिएको थियो। आर्थिक नीति सुधारसम्बन्धी कार्यदलमा झैं यो कार्यदलमा पनि मूल्य अभिवृद्धि करसम्बन्धी जिम्मा मलाई दिइएको थियो। कार्यदलले नेपालको कर प्रणालीका विविध पक्षबारे अध्ययन गर्नुका साथै विभिन्न सरोकारवालासँग अन्तर्क्रिया गरी सुझाव संकलन गरेर मूल्य अभिवृद्धि कर लागू गर्नेबारे विस्तृत सुझाव दिएको थियो।

### मूल्य अभिवृद्धि कर ऐन, नियम तथा निर्देशिका निर्माण

मूल्य अभिवृद्धि कर ऐनको मस्यौदा तयार गर्ने कार्य २०५० को अन्त्यतिर सुरू गरिएको थियो। यो ऐनले मूल्य अभिवृद्धि करको मूल्य-मान्यता तथा अन्तर्राष्ट्रिय असल अभ्यासअनुसार उपभोगमा आधारित कर कट्टी प्रणालीसहितको उत्पादन तथा वितरण प्रक्रियाअन्तर्गतका विभिन्न तहमा संकलन गरिने विस्तृत आधार भएको मूल्य अभिवृद्धि करको परिकल्पना गरेको थियो।

करको दर १० प्रतिशत, दर्ता सीमा २० लाख रूपैयाँ र कर छुटको संख्या सीमित राखिएको थियो। छुटलाई भविष्यमा सीमित गर्दै जाने नीति अपनाइएको थियो। अनिवार्य रूपमा मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने करदाताले मासिक कर विवरण बुझाउनुपर्ने र कर तिर्नुपर्ने तथा स्वेच्छाले दर्ता हुने करदाताले चार महिनाको एकपटक विवरण बुझाएर कर तिर्नुपर्ने व्यवस्था गरिएको थियो। मूल्य अभिवृद्धि कर ऐनको मस्यौदा तयार भएपछि सबै सरोकारवालासँग विभिन्न चरणमा छलफल गरिएको थियो। त्यस क्रममा ऐनको मस्यौदा सर्वप्रथम २०५१ वैशाख ११ गते नेपाल उद्योग वाणिज्य महासंघको प्रतिक्रियाका लागि प्रस्तुत गरिएको थियो। त्यसपछि २०५१ जेठ १ गते नेपाल चेम्बर अफ कमर्सको प्रतिक्रियाका लागि प्रस्तुत गरिएको थियो।

यसरी राष्ट्रव्यापी रूपमा सार्वजनिक परामर्श गरेर प्राप्त भएका सुझावका आधारमा मस्यौदा परिमार्जन गरिएको थियो। उक्त मस्यौदालाई तत्कालीन अर्थसचिव रामविनोद भट्टराईमार्फत् प्रतिक्रियाका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषमा पठाइएको थियो। उक्त कोषबाट राय प्राप्त भएपछि अन्तिम रूप दिइएको थियो। यस क्रममा कानुन सुधार आयोगका अध्यक्ष तीर्थमान शाक्यसँग मूल्य अभिवृद्धि करको दफा-दफामा झन्डै दुई दर्जनजति छलफल पनि गरिएको थियो। मूल्य अभिवृद्धि कर विधेयक २०५२ मंसिर १७ गते प्रतिनिधिसभामा पेस गरिएको थियो। प्रतिनिधिसभाले २०५२ पुस १५ र राष्ट्रियसभाले २०५२ पुस २० गते पारित गरेको ऐन २०५२ चैत ७ गते लालमोहर लागेर राजपत्रमा प्रकाशित भएको थियो।

यो ऐन राजपत्रमा प्रकाशित भएलगत्तै लागू गरिएन। ऐन लागू गर्न नियमावली र निर्देशिका तयार गर्ने, कर्मचारी व्यवस्था गरेर प्रशिक्षण दिने, सम्भावित करदाता लगायत सबै सरोकारवालालाई जानकारी दिने, कम्प्युटर प्रणाली विकास गर्नेजस्ता विभिन्न तयारी गरेर मात्र मूल्य अभिवृद्धि कर ऐन लागू गर्ने नीति अपनाइएको थियो।

ऐन तयार भएपछि नियमावलीको मस्यौदा तयार गर्ने कार्य आरम्भ गरिएको थियो। ऐन तर्जुमा गर्दा यसको राम्रो संरचना बनाउनेमा जोड दिइएको थियो भने नियमावली तयार गर्दा सकेसम्म सरल, स्पष्ट तथा पारदर्शी बनाउने प्रयास गरिएको थियो। यस सन्दर्भमा साबिकको बिक्रीकरअन्तर्गतका विभिन्न जटिल प्रक्रियालाई मूल्य अभिवृद्धि करअन्तर्गत समावेश नगर्ने नीति लिइएको थियो।

उदाहरणका लागि, साबिकको बिक्रीकरको प्रयोजनका लागि कर प्रशासनबाट वस्तुको मूल्य स्वीकृत गराउनुपर्थ्यो। कर बिजकमा कर प्रशासनको छाप लगाउनुपर्थ्यो। मासिक कर विवरणसँगै विभिन्न अनुसूची तथा कर बिजकको प्रतिलिपि पेस गर्नुपर्थ्यो। मासिक विवरणका साथै वार्षिक कर विवरण बुझाउनुपर्थ्यो। कर अधिकृतले कर निर्धारण गर्नुपर्थ्यो। बिक्रीकर दर्ता प्रमाणपत्र बर्सेनि नवीकरण गर्नुपर्थ्यो। यसले बिक्रीकर निकै झंझटिलो भएको थियो र त्यसबाट करदाताको अनुपालन तथा कर प्रशासनको कर संकलन खर्च निकै बढी हुने गर्थ्यो।

मूल्य अभिवृद्धि कर स्वयं कर निर्धारणको सिद्धान्तमा आधारित पारदर्शी प्रणाली भएकाले बिक्रीकर अन्तर्गतका कुनै पनि झन्झटिला प्रक्रिया नियमावलीमा समावेश गरिएनन्। करको प्रयोजनका लागि सरल किसिमको खरिद तथा बिक्री खाता राख्ने, बिजक जारी गर्ने, सरल किसिमको एक पेजको मासिक विवरण पेस गर्ने र कर तिर्ने सहज प्रक्रिया मात्र समावेश गरेर नियमावली तयार गरिएको थियो। यसलाई मन्त्रिपरिषदद्वारा २०५३ माघ ११ गते स्वीकृत गरिएको थियो। ऐन तथा नियमावलीका आधारमा मूल्य अभिवृद्धि कर कार्य निर्देशिका ९ भागमा तयार गरिएको थियो जुन नेपाल सरकारबाट २०५४ असोज ५ गते स्वीकृत भएको थियो।

### करदाता शिक्षा तथा जनचेतना कार्यक्रम

मूल्य अभिवृद्धि कर स्वयं कर निर्धारणको सिद्धान्तमा आधारित थियो। यसअनुसार यो करलाई दर्तावाल करदाताले स्वयं निर्धारण गरेर सरकारलाई बुझाउनुपर्ने व्यवस्था गरिएको थियो। त्यसका लागि यस करबारे सम्भावित करदातालाई जानकारी गराउन आवश्यक थियो। अर्कोतर्फ यो उपभोगमा आधारित कर भएकाले वास्तविक करदाता उपभोक्तालाई पनि यसबारे जानकारी गराउन आवश्यक थियो। यसैगरी यो करले समाजका विभिन्न वर्गलाई छुने भएकाले सबै सरोकारवालालाई जानकारी गराउन जरूरी थियो। त्यसैले मूल्य अभिवृद्धि करका विविध पक्षबारे उद्योगी, व्यापारी, पत्रकार, उपभोक्ता लगायत समाजका विभिन्न वर्गलाई जानकारी गराउने उद्देश्यले व्यापक करदाता शिक्षा तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो।

यस सन्दर्भमा उद्योग वाणिज्य महासंघका पदाधिकारीसँग विभिन्न समयमा अन्तर्क्रिया

बाँकी ८ पेजमा

# आहा प्यूठान ! मेटिएन प्यास 'खुसीले मन प्रफुल्ल'



ऋषि आजाद

हामीलाई प्यूठान जाने निम्तो आयो। साहित्य परिषद् प्युठानका अध्यक्ष साहित्यकार नवराज आचार्य तथा लुम्बिनी वाङमय प्रतिष्ठान प्युठान शाखाको अध्यक्ष साहित्यकार रामकुमारी कुँवर (सानु) अनि साहित्यकार देवेन्द्र रिजालले तान्न्तर फोन गरिरहे। लुम्बिनी वाङमय प्रतिष्ठानका सबै सदस्यहरु र जिल्ला अध्यक्ष लगायत अरुलाई पनि निम्तो थियो। दशैंको मुखमा भएर होला सायद धेरै साथीहरु सूचना पाएर पनि निमन्त्रणा भएको ठाउँमा पुग्न सक्नु भएन। भैरहवातिरबाट साहित्यकार जान चाहनु भएको थियो। तर उचित संयोजन हुन सकेन।

प्यूठानमा ११, १२, १३ गते बृहत साहित्य/संगीत महोत्सव थियो। महोत्सवमा मुलुकभरका लब्धप्रतिष्ठित साहित्यकारहरुको भेला थियो। महोत्सवको स्लोगान :

***साहित्य कला संस्कृति र पर्यटनको विकास***
***साहित्य परिषद प्युठानको जीवन्त इतिहास।***

भन्ने थियो। आयोजक संस्थामा साहित्य परिषद प्युठान र नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी र नेपाल संगीत तथा नाट्य कला प्रतिष्ठान काठमाण्डौ राखिएको थियो। आर्थिक, नैतिक र भौतिक सहयोग जिल्ला समन्वय समिति र प्युठान र नौवटै स्थानीय पालिकाको समान योगदान रहेको थियो। तीन दिने साहित्य, कला र संस्कृतिको बृहद कार्यक्रम रहेछ। कार्यक्रमको विवरणमा पहिलो दिन प्रसिद्ध धार्मिक स्थलमा स्वर्गद्वारीमा कार्यक्रमको उद्घाटन रचना वाचन, प्रवचन, पुस्तक लोकार्पण र झाँकी प्रदर्शन थियो। दोस्रो दिन पर्यटकीय स्थलको परिभ्रमण अनि बाँधीकोट र ओखरबोटमा रचना वाचनको थियो। तेस्रो दिन प्यूठानको प्रसिद्ध मल्लरानी पर्यटन स्थलको जानकारी र जनता मावि वाग्दुलामा कविता प्रतियोगिता, प्रवचन सम्मान र समापन कार्यक्रम थियो। म १२ गते बिहान १० बजे मात्र हिंडें। वातावरण अलि राम्रो छ। गृष्मकालीन प्रभाव हटिसकेको छ। दशैंको मुखमा आवागमनको चाप ज्यादा छ। यातायातका साधनहरु सडकमा किम्ला बगेझैं बगेका छन्। दशैं मान्न घर फर्कनेहरु बस नपाएर कोचाकोच भएर हिंडेका छन्। काखमा नानी बोकेर हिंड्नेहरु, वृद्धवृद्धाहरु अलि मलिना देखिन्छन्। चालक सहचालकहरु नफा कमाउने ध्याउन्नमै छन्। ट्राफिकहरुलाई नियमन गर्न हम्मेहम्मे परेको छ।

म बिहान १० बजे बुटवलस्थित बेलवास भोलुङ्गेपुलबाट पश्चिम महेन्द्रनगर जाने बसमा चढें। बसमा संयोगबस एउटा सिट बाँकी रहेछ। गाडी चालक सहचालकहरुले दुई घण्टामै लुम्बिनी प्रदेशको स्थायी राजधानी भालुवाङ पुऱ्याए। त्यसपछि म प्यूठान बाग्दुला जाने माइक्रो बसमा चढें। यात्रा सोंचेजस्तो त्यति असहज भएन। म निरन्तर नवराज आचार्यको सम्पर्कमा रहिरहेको थिएं। समय समयमा दामु मर्सिफुलको फोन पनि आइरहेको थियो। म ठीक ४ बजे प्युठानको बाग्दुलामा पुगें। दुई दिनको काममा पुग्न नसकेकोमा दुखी थिएं। त्यसै बीच अध्यक्ष नवराज आचार्यले खलंगा बोलाउनु भयो।

विजुवारबाट खलंगाको दृश्य गजबको देखिन्छ। शारदी शोभाले प्रकृति



मनोहर बनेको छ। खलंगा प्यूठानको सदरमुकाम हो। डाँडाभरि तलदेखि माथिसम्म लहरै परेका स्वेत सुन्दर घरहरुले खलंगालाई मनोरम बनाएका छन्। प्यूठान प्राकृतिक सौन्दर्यले भरिपूर्ण र परिपूर्ण छ। मैले तलबाटै मोबाइलमा केही फोटाहरु कैद गरें। अध्यक्षको सल्लाहमा बाग्दुलाबाट म फेरि अर्को ट्याक्सी चढें। वास्तवमा अहिले नेपालमा पूर्वाधारको राम्रो विकास भएको छ। प्युठान पनि सुगम बनेको छ। पक्की बाटाहरु पनि थुप्रै बनेका छन्।

सेवामूलक व्यवसायीहरुको संख्या थुप्रो छ। क्याम्पस, विद्यालय, अस्पतालहरु छन्। गाउँ गाउँमा सभ्यता मौलाएको छ। लबाई खवाई आनको तान बदलिएको छ। सूचनाको विकेन्द्रीकरणले सबै सचेत छन्। सबैका हातहरुमा मोबाइल फोनहरु छन्। पूर्वाधार र प्रकृति हेर्दै हेर्दै म खलङगा पुगें। खलङ्गामा जिल्ला सदरमुकाममै सुविधा सम्पन्न अतिसिगृह छ। हामी त्यही बस्यौं। मलाई विशेष ख्याल गर्ने साहित्यकार तथा पत्रकार दामु मर्सीफूल र कविता उपाध्याय साहित्यकार खेमराज शर्माका साथ आईसक्नु भएको रहेछ। म र खेमराज शर्मा सँगै बस्यौं। उनी निकै भलाद्मी रहेछन्।

म जाँदा कार्यक्रमको गोलमेच बसाईमा समीक्षा चल्दै रहेछ। यति लामो धेरैले भन्दै थिए। कार्यक्रममा भिना मसिना त्रुटि त भइहाल्छन्। समीक्षामा अवसर नपाउनेहरुले नराम्रो भन्छन्। अवसर पाउनेहरुले राम्रो भन्छन्। तीन तीन दिनसम्म मुलुकभरका दर्जनौं साहित्यिक अतिथिदेवहरु र स्थानीय साहित्यकारले आफूलाई र आफ्नो प्रतिभालाई प्युठानको काखमा राम्रोसँग पोख्ने अवसर पाए। प्युठान आभारी भयो। काव्य कलामा पोख्त स्रष्टाहरुले आफूलाई स्थानीय स्तरसम्म चिन्ने चिनाउने अवसर पाए। कार्यक्रम भव्य रुपमा सफल भयो। कहिलेकाही समिक्षाको क्रममा अवसर नपाउनेहरुबाट कार्यक्रमको आम उपलब्धिलाई भन्दा गौण कुरालाई उछालेर कुकुरा भुल्याएझैं भुल्ताउने गरिन्छ। तर त्यहाँ त्यस्तो भएन। त्यहाँ सूचना सम्प्रेषण, दिशानिर्देश, समयको ख्याल अलिअलि नगरेको निष्कर्ष निकाल्दै आम रुपमा कार्यक्रम असाध्य राम्ररी सफल भएको निष्कर्ष निकालियो।

मेरो घर अर्घाखाँचीको मालारानी हो। म १३ गते बिहान म मालारानीको सन्देश लिएर मल्लरानीमा पुगेको थिएँ। करिव १५ सय मिटर माथिको पर्यटकीय स्थल मल्लरानी पाटनजस्तो रहेछ। उक्त उच्चसमस्थलीमा पुगेर उत्तरमा धौलागिरी हिम श्रृङखला, माछापुर्छे हिमश्रृङखला पश्चिममा प्रसिद्ध धार्मिकस्थल स्वर्गद्वारी, पूर्वमा सेंगलेनसम्म हेर्यौं। झिमरुक फाँट प्यूठानको अन्न भण्डार हो। यो प्युठानको भाग्य हो। अहिले शारदी शोभाले प्यूठान दुलहीजस्तै सिंगारिएको छ। धान पाकेर झिमरुक फाँट पहेंलपुर देखिन्छ। प्युठान हेर्दा स्वर्गजस्तो लाग्छ। अहिले प्युठानेहरु डाँडापाखाबाट घरजम गर्न त्यही फाँटमा झरेका छन्। बजार हर्लक्क बढेको छ। घरहरु बनिरहेका छन्। त्यहाँ अर्घाखाँची गुल्मीमा जस्तो बसाई सराई अलि कम रहेछ। तर नयाँ पिढी भने सहर पसिसकेको छ। त्यो प्युठान फर्कने सम्भावना देखिदैन।

प्युठानेहरु रसिक र प्रकृतिप्रमी पनि छन्। कुनै प्रकारको शंकोच नमानी खुलेर हाँस्छन्। संगीतप्रेमी छन्। गीत गायो कि छमछमी नाँच्छन्। साहित्यमा साधना गर्छन्। कला संगीतप्रति उस्तै अभिरुची छ। कल्पना शक्तिका धनी छन्। प्रतिभाशाली छन्। व्युत्पत्ति र अभ्यासमा तत्कालिन छन्। सुखी र खुसी छन्। आहा प्यूठान! मेरो मन खुसीले उत्फुल्ल भयो।

लुम्बिनी बौद्ध विश्व विद्यालयका अनुसन्धान विभाग प्रमुख प्यूठान जिल्लाको गर्विलो व्यक्तित्व प्रा.डा. गीतु गीरीले नेपाली र अङ्ग्रेजी भाषामा दर्जनौं कृतिहरु प्रकाशित छन्। सरलता र विनम्रताका धनी गितु गिरी प्युठानका सान हुन्। उनले मल्लरानीको ऐतिहासिक, साँस्कृतिक, पौराणिक र पुरातात्विक किंवदन्ती र अवशेष त्यति भेटिदैन। त्यसको थप खोज अनुसन्धमानमा जुट्नु पर्छ भने। कुनै पनि ठाउँको विषयमा किंवदन्तीको झिनो तन्तु भेटियो भने त्यसैको आधारमा तन्तुलाई तन्काउँदै अलि अलि कल्पनाको जलप लगाएर मांशपेशी भरेर चित्ताकर्षक र विश्वसनीय बताउँदै किंवदन्ती तयार पारेर त्यहाँ आउने पर्यटकहरुलाई सुनाउनु पर्छ। मल्लरानीको खोज हुनु पर्छ। हामीले सुझाव दियौं। मल्लरानीको सन्दर्भमा आफूसँग केही जानकारी नरहेको तर काँत्रेखोलको सिरम झाँक्री र डल्ले सरायं बारेमा अलिकति खोज अनुसन्धान गरेको कुरा फोनबाट संस्कृतिविद राजेन्द्रकुमार आचार्यले बताए। उनले पनि श्रोत व्यक्ति गीतु गिरी नै रहेको बताए।

मल्लरानी उच्च समस्थली जस्तो छ। त्यहाँबाट पूर्वपश्चिम उत्तर दक्षिण चियाएर हेर्न सजिलो छ। त्यो आफैमा भ्यूटावरजस्तो छ। त्यसमा भ्यूटावरको नयाँ संरचना बनाउन पर्दैन। नेकपा एमालेको सरकार बन्दा भ्यूप्वाएन्टहरुमा अग्ला अग्ला भ्युटावरहरु बनेकोमा जनताले त्यसो नगर्न सुझाव दिएका थिए। अहिले मल्लरानी गाउँपालिकाले मल्लरानीको डिपिआर बनाएको रहेछ। पुरानो जीर्णप्राय मन्दिर छ। त्यहाँ जनमुक्ति सेनाले तयार पारेको बङ्कर रहेछ। त्यसलाई अलि व्यवस्थित गरेर दश वर्षे जनयुद्धको स्मृतिको स्वरुपमा राख्ने र युद्ध संग्राहलय बनाएर पर्यटन तान्ने योजना बनाउन सकिन्छ। अन्य एन्टिसीको टावर लगायत केही ससाना संरचनाहरु छन्। जिल्ला सदरमुकामबाट त्यहाँ धेरै जाँदा रहेछन्। हामी पनि अध्ययनको सिलसिलामा पुग्यौं। प्रकृति अत्यन्तै सुन्दर छ।

हामी मल्लरानीबाट हाँस्दै गाउँदै मरन्ठानामा पुग्यौं। मरन्ठना गीतु गिरीको जन्मथलो हो। त्यहाँ एउटा भूमेश्वरी कोट रहेछ। भूमिश्वरी दुर्गा भवानीको नाम हो। त्यहाँ हातहतियार रहेछन्। विशेषतः कला क्षेत्रका धनी रामहरि थापाको योगदान विषय जानकारी भयो। त्यहाँ भीमबहादुर घर्तीमगर नामक मगर पुजारी रहेछन्। मगर पूजारी हुनु पनि खुसीकै कुरा हो। त्यहाँबाट पूर्व मरेङ्ग भन्ने गाउँ पनि रहेछ। मरेङ मगर भाषाको शब्द हो। मेरो पूर्व गाविसको नाम पनि मरेङ्ग हो।

त्यो सुनेर मलाई अरुन खोलालाई बटारेर अरुणखोला बनाएझैं शब्दहरु बटार्ने र बिगार्ने कुराको याद आयो। संस्कृतिविद गितु गिरीले इतिहास जस्ताको तस्तै राख्नु पर्छ। यो त्यहाँ मगरबस्ती भएको प्रमाण हो। बटार्नु बिगार्नु हुँदैन भने। भूमिश्वरी मन्दिरको अध्यक्ष सूर्यबहादुर थापाले पनि त्यहाँको विषयमा बताए। त्यसपछि हामी भादेश भुमरीको घरमा पुग्यौं। उनले सबै अतिथिदेवहरुलाई खीर खुवाएर स्वागत गरे। साथमा प्यूठान लुङ्का प्राज्ञ प्रतिष्ठानका प्राज्ञ गोपिन्द्र पौडेल पनि थिए। प्यूठानको भाषा, साहित्य, कला, संगीत, संस्कृति क्षेत्रको विकासको लागि हुरुक्क हुने उनलाई प्यूठानीहरु अत्यन्त आदर र सम्मान गर्दा रहेछन्। यो कार्यक्रममा उनले निकै महत्वपूर्ण श्रोत व्यक्तिको रुपमा काम गरेको देखियो। उनी पनि प्युठानको शान चम्काउने महत्वपूर्ण व्यक्ति हुन्।

बाटामा हामीहरु साहित्येत्तर कुराहरु पनि गर्दै हिंड्यौं। देवेन्द्रकुमार रिजाल परिवर्तनले सही बाटो लिन नसकेको भन्दै अलि ठाटो संवाद गरे। हाम्रो नेपाली समाज विविधतापूर्ण छ। विविधताहरु बीच सहअस्तित्व, समानता, स्वतन्त्रता कायम गरेर उनीहरुलाई पहिचान र आत्म सम्मान दिएर राष्ट्रिय मूलधारमभा हिंडाउनु पर्छ भन्ने निष्कर्षमा पुगियो। अब एकमा एकता हैन अनेकतामा एकता ल्याउने संघीय लोकतान्त्रिक प्रणालीलाई कम खर्चिलो र चुस्त दुरुस्त बनाउनु पर्छ भन्ने कुरा आयो। त्यो समयमा खीर खाँदै रमाउनेहरुमा युवराज नयाँघरे, डा.धनप्रसाद सुवेदी, ठाकुर बेल्बासे, कविता उपाध्याय, दामु मर्सिफूल, कृष्णराज अधिकारी, निमबहादुर थापा, भीम रानाभाट, शारदा शर्मा, नारायण मरासिनी, मनु विक, अर्जुनकुमार कक्षपती, विजयराज आचार्य, हरि पोखरेल, गेहराज थापा, छविलाल कोपिला, रेशम बिसी, वैरागी जेठा, लक्ष्मी रिजाल, गेहराज शर्मा पण्डित, विमल पोखरेल, समीर सिंह, विष्णुप्रसाद आचार्य, आविष्कार कला, ध्रुव बस्याल, हेमराज आश्रम, लिला खनाल, विमला खनाल, शान्ता आचार्य, भेषमान गिरी, मोहन गिरी, टोपराम आचार्य, टिकाराम उदासी, भावेश भुमरी, दीपा खत्री, अनिल श्रेष्ठ, मदन खत्री, प्रबल्ला सिन्धुलियालगायतका साहित्यकारहरु थियौं।

त्यो दिन वास्तवमा खानाको सबालमा पनि जातीय विशिष्टता हुन्छ। थारु गाउँमा जाँदा थारुहरुको व्यन्जन घोंगी खाएर, बहुन गाउँमा बाहुन जातिको व्यन्जन खीर खाएर मगर गाउँमा मगर जातिको व्यन्जन बंगुरको मासु खाएर,नेवार गाउँमा रँगाको सुकुटी खाएर एक अर्कालेे सम्मान गर्नुपर्छ। कसैको खानालाई कसैले घृणा गर्नु असहिष्णु बन्न हुँदैन भन्नेसम्मका मिहीन कुरा आए। एक आपसमा मिल्न एक अर्कालाई चिन्न र सहिष्णु सिक्नुपर्छ। त्यसले समाजलाई अखण्ड बनाउँछ। समाज शान्त बन्छ।

कहिले हाँसो त कहिले हल्का गम्भीर हुँदै हामी १२ बजे बाग्दुलामा झर्यौं। बाग्दुला व्यस्त बजार हो। यातायताका दृष्टिले सुगम भएकोले मानिसहरुको आवगमन बाक्लै हुन्छ। त्यहाँबाट मच्छी, गौमुखीतिर गइन्छ। त्यो बाटो ओखरबाट तिलकराम पोखरेल मामा र चुँदाराको दिदी विष्णु पोखरेलको घरमा जाँदा हिंडेको छु। बाग्दुलाको नाम कसरी रहेको हो, त्यसको विषयमा पनि छलफल चलाउनु पर्छ। निश्चय नै बाग्दुला बाघको दूलो भएर नाम रहेको होला। त्यहाँ त्यस्तो कुन ठाउँमा छ, त्यस ठाउँमा अलि चौडा र आकर्षक खालको बाघको ओडार (दुलो) र बाघको सुतिरहेको प्रतिमा राख्ने र त्यसको वरिपरि सानो पार्क बनाएर बाउण्डरी गरी पर्यटनयुक्त स्थल बनाउनु पर्छ भन्ने लाग्यो। त्यसले हराउँदै जान लागेको बाघ प्रजातिको इतिहास जोगिन्छ। अनि त्यसलाई प्रवेशद्वारमा अलिअलि प्रवेश शुल्क लिएर रोजगार दिन र संस्थागत गर्न सकिन्छ।

अब प्यूठानको महत्वपूर्ण ऐतहासिक विद्यालय जनता उच्च माध्यमिक विद्यालयको प्राङ्गणमा कार्यक्रम शुरु भयो। जुन ऐतिहासिक विद्यालय वि.सं.२०१४ सालमा बनेको रहेछ। मुक्ति मा.वि. २०११ सालमा बनेको कुरा थाहा लाग्यो। त्यहाँ २०१६ साल पुष १ गते महाकवि लक्ष्मीप्रसाद देवकोटाको प्रतिमा अनावरण गरिएको रहेछ। प्रतिमा अनावरणमा तत्कालीन राजा महेन्द्र शाह र विश्वेश्वरप्रसाद कोइराला आएको कुरा भेषमान गिरीले बताए। त्यो प्रतिमा कृतिशेष महाकवि देवकोटाको मृत्यपछि नब्बे दिनमै बनेको नेपालको पहिलो रहेछ। त्यो समयमा नेपालमा नेपाली कङ्ग्रेसको शासन थियो। राजाद्वारा लोकतन्त्रको संस्थागत विकास हुन नदिएर **बाकी ५ पेजमा**

## गजल

बित्दै गयो जीवन रहरमा तिम्रो,
भेटिदैनन् तस्वीर सफरमा तिम्रो।

नहोस् भन्थे दुःख भइदिए छ नै,
ती पीडाले भरियो अधरमा तिम्रो।

यात्रा रैछ सबैले भोग्नु पर्ने यहाँ,
राम्रो मान्छे बनिन नजरमा तिम्रो।

भुलेछौ चोखो माया पिरती लाको,
लेखेर नै नाम राखे बगरमा तिम्रो।

भन्नेले जेसुकै भनोस अघि बढ्छु,
भुकेर जिउदैन म कदरमा तिम्रो।



**श्यामकुमार क्षेत्री (मुस्कान)**
*नौबहिनी -८, बल्लेखोला प्यूठान, हाल भारत*

## गजल

बेलाबेलामा तिम्रा यादहरु आएर जान्छन्,
मेरो यो कोमल दिलमा घर बनाएर जान्छन्।

आफ्ना मान्छेहरु भनौं या दुश्मनहरु भनौं ,
म दुःखि भएकै समयमा मुस्कुराएर जान्छन्।

मन पत्थर जस्तैः रहेछ या र नबुझेको कुरा,
झन पुरानो घाउमा नुन चुक लगाएर जान्छन्।

यस्तो कुरुप बस्ती मा जन्म लिएका छौ बाबू,
राम्रोकाममा लाग्नु भन्दै बा सम्झाएर जान्छन्।

दुःख बढी छन खुसी कुनैपनि छैन जिन्दगीमा,
आउँन लागेका खुशीहरु पनि चिहाएर जान्छन्।



**उमेश बहादुर बिश्वकर्मा सागर**
*नरहरिनाथ गाउपालिका २ कालिकोट*

## गजल


खुशी दिएर पीडा लिने कोहि छैन,
यहाँ मन हेरि माया दिने कोहि छैन।

यो युगमा पैसाले नाता गासिन्छ,
आफन्त भनेर उभिने कोहि छैन।

जति आफ्नो सम्झे पनि तिमीले,
तिम्रो चोटलाई सम्भिने कोहि छैन।

आउनेलाई स्वागत जानेलाई बिदाई,
यति बुझ समय पर्खिने कोहि छैन।

पिर थाम्न सकिन्छ भिड सकिदैन प्रिया,
हात समाएर भिरमा अडिने कोहि छैन ।




**वासुदेव दनुवार**
*सिन्धुली*

## मुक्तक

मुक्तक १
हरेक बिघ्न हरेक अप्ठेरोमा नाम मेरै छ, चर्चा मेरै छ ।
सोच्छु केवल कमजोरी मात्रै खोतल्ने चलन के रैछ?
आफ्नो बारे सोच भन्दा बेरोजगार छु भन्न सक्छन,
सित्तैमा मेरो निगरानी राख्नेहरुको जमात धेरै छ।

मुक्तक २
जहिल्यै यो मन पूरा हुनै नसक्ने रहरमा ठोकिन्छ।
जति पाइला चाल्यो उति झन बगरमा ठोकिन्छ।
जुन घाउलाई धेरै जतन गरेर निको पार्न खोज्यो,
आखिर त्यही घाउ पटकपटक पत्थरमा ठोकिन्छ।

मुक्तक ३
हरेक बिघ्न हरेक अप्ठेरोमा नाम मेरै छ, चर्चा मेरै छ।
सोच्छु केवल कमजोरी मात्रै खोतल्ने चलन के रैछ?
आफ्नो बारे सोच भन्दा बेरोजगार छु भन्न सक्छन,
सित्तैमा मेरो निगरानी राख्नेहरुको जमात धेरै छ।



**अन्जिता राउत**
*नेचा सल्यान -५ सोलुखुम्बु*
*हाल:भक्तपुर लोकन्थली*

## गजल

आज यो आँशू पनि रुदाँ- रुदै पिरमा सकियो।
एक सच्चा प्रेमी मायाको जन्जिरमा सकियो।

साबुन र तिम्रो माया, प्रेम उस्ता-उस्तै रहेछ,
आज बिस्तारै बिस्तारै मेरो शरीरमा सकियो।

तैले आफ्नै छातीको निशाना बनाईस् सरकार,
जवःनौं जवानको जिवन कस्मिरमा सकियो।

बुढी आमा गाउँमा बिरामीले छट्पटाएकी छन्,
डाक्टर छोराको समय सधै जागिरमा सकियो।

कसरी समेटु मबाट टाढिएका मेरा आफन्त हरु,
भगवान सबै बोलबिन्ती तेरो मन्दिरमा सकियो।



**देबेन्द्र शाही 'दर्पण'**
*कालिकोट, हालः सुर्खेत*

## गजल

न माया रहेछ न मन न वचन रहेछ ।
जसरीपनि चल्नैपर्ने यो धड्कन रहेछ ।

यथार्थकै खोजीमा कसैले संसार छोड्यो,
जिन्दगीको अन्तिम यथार्थ कफन रहेछ ।

चिसा आँखाहरूले ओठमा खुसी हेर्न खोजे,
खुसीको भण्डार केवल बचपन रहेछ ।

म घाइते जिन्दगी बोकि सहर पसेको हुँ,
यहाँ त घाउमै प्रहार गर्ने चलन रहेछ ।

कर्णालीको गरिब विद्यार्थी यो सोच्दो हो,
इनारको पर्यायवाची बा' को नयन रहेछ ।



**रमेश न्यौपाने राधाकृष्ण**
*दोलखा*

झुलेनी पोष्ट साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्कः ०८६-५९०४३६
Email : jhulenipyuthan@gmail.com

## रोचक/प्रेरक प्रसङ्ग

# जिवित पुस्तकालय जहाँ किताब होइन घातक ब्याक्टेरिया राखिएको छ



पहिलो विश्वयुद्धको सुरुवाती अवस्था थियो। बेलायती सैनिकहरु बिरामी परेर भटाभट मर्न थाले। त्यसरी बिरामी पर्ने प्रायः सबैजसो सैनिकमा देखिएको लक्षण एउटै थियो। पेट दुख्ने, टाउको दुख्ने, ज्वरो आउने, पखाला लाग्ने र अवस्था नाजुक बन्दै काबू बाहिर जाने।

सन् १९१५ मा फ्रान्सको वाइमेरक्स सहरको स्टेशनरी अस्पतालमा एक केबल सन्देश आयो । यसमा सैनिकहरुको बिग्रँदो अवस्थाका बारेमा बताइएको थियो।

वैज्ञानिक तथा डाक्टरहरु सबै मोर्चामै तैनाथ थिए। त्यसबेला एक जिवाणुविज्ञ विलियम एलकक्ले बिरामी सैनिकको सरीरबाट ब्याक्टेरियाको नमूना लिए र एक विशेष खालको काठको बट्टामा भरेर माथिबाट प्याराफिन मैनले उक्त बट्टालाई सिल गरिदिए।

यो पहिलो नमूना थियो । युद्ध सकिनेसँगै यो सँगै अन्य विभिन्न ब्याक्टेरियाका नमूनाहरुलाई लिस्टर इन्स्टिच्यूट अफ प्रिभेन्टिभ मेडिसिनमा राखियो। त्यसबेलासम्म त्यहाक् कूल २ सय वटा नमूना भैसकेका थिए। विस्तारै विस्तारै त्यहाँ अन्य देशहरुबाट पनि ब्याक्टेरियाका नमूना आउन थाले, ताकि त्यहाँ त्यसको अध्ययन होस्।

खतरनाक मानिने ब्याक्टेरियाको नमूनालाई समेत अगरउडको डिब्बामा राखेर प्याराफिनले सिल गरिन्थ्यो त्यसबेला। त्यसभन्दा माथि डिब्बामा रहेको ब्याक्टेरियाका बारेमा जानकारी लेखिन्थ्यो। पानी जहाजमा राखेर ब्याक्टेरियाका नमूना पठाइन्थ्यो र त्यसको जानकारी जहाजको क्याप्टेन र अन्य जिम्मेवार कर्मचारीहरुलाई गराइन्थ्यो ताकि कसैले भुलबस उक्त डिब्बा नखोलोस्।

उक्त संस्थानमा ब्याक्टेरियाका नमूनाहरुमाथि अध्ययन चलिरहेकै थियो । त्यसैबीच दोश्रो विश्वयुद्ध सुरु भयो । त्यसक्रममा लण्डनस्थित उक्त भवनमा बम खस्यो र यसको अधिकांस भाग ध्वस्त भयो । त्यसबेला त्यहाँ बँचेका ब्याक्टेरियाका नमूनाहरुलाई निकै सावधानी पूर्वक संकलन गरी लण्डनको अर्को भागमा लगियो। त्यो नयाँ ठाउँलाई नेसनल कलेक्सन अफ टाइप कल्चर्स नाम दिइयो।

युद्ध अन्त्य भएसँगै त्यो ठाउँ वैज्ञानिकहरुका लागि खुल्ला गरियो। उक्त केन्द्रमा प्रवेश पाउनका लागि ६ पेन्स शुल्क लाग्दथ्यो।

अहिले यो एक गैर नाफामूलक संस्थाको रुपमा का मगर्दछ । बेलायत सरकारले यसको सञ्चालनका लागि बजेट दिँदैन । तर विश्वभरका देशहरुले अध्ययनका लागि यहाँबाट नमूनाहरु खरीद गर्दछन् । त्यसको मूल्य ८५ देखि ४ सय डलरसम्म हुन्छ।

आफ्नोमा ब्याक्टेरिया कल्चर गर्नका लागि राम्रो ल्याब नभएका देशहरुले नमूना संरक्षणका लागि समेत त्यहाँ पठाउँदछन् । कोभिड महामारी सुरु हुनु अगाडि सन् २०१९ मा मात्रै करीब ४ हजार ब्याक्टेरियाका प्रकारलाई अध्ययनका लागि यहाँबाट विभिन्न ६३ देशमा लगिएको थियो ।

जिवित ब्याक्टेरियाको यो पुस्तकालयबाटै विभिन्न प्राणघातक रोगहरुको उपचारको आविष्कार भएको छ । पेनिसिलिनको आविष्कार गर्ने वैज्ञानिक अलेक्जेन्डर फ्लेमिङले वर्षौंसम्म त्यहाँ गएर ब्याक्टेरियाका विभिन्न १६ वटा प्रकारमा अनुसन्धान गरे र पछि त्यहीं अध्ययनको नतिजाको आधारमा पेनिसिलिनको आविष्कार गरे।

उक्त ब्याक्टेरिया पुस्तकालयमा ६ हजार भन्दा धेरै ब्याक्टेरियाका जिवित स्ट्रेन राखिएको छ। यहाँ निकै प्राणघातक देखि लिएर सामान्य खाले ब्याक्टेरियाहरु पनि राखिएका छन् । कतिपय ब्याक्टेरिया यस्ता पनि छन् जसमा अध्ययन गर्न बाँकी नै छ। केही ब्याक्टेरिया खतरनाक भएपनि उपचारको खोजी भैसकेका ब्याक्टेरिया छन् ।

रोचकतकेभनेपहिलोविश्वयुका क्रममा जुन ब्याक्टेरियाको जिनोमको नमूना ल्याइएको थियो, त्यो अहिलेपनि जिवित नै छ । त्यो झाडापखालाको ब्याक्टेरिया थियो, जसले अहिलेसम्म पनि मानिसहरुको ज्यान लिन छाडेको छैन। **अनलाइन खबर**

**गाउँपालिकाबासीलाई अनुरोध**

ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

अनुरोधक : माण्डवी गाउँपालिका जस्पुर, प्यूठान

**गाउँपालिकाबासीलाई अनुरोध**

लैङ्गिक हिंसाको विरोध गरौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं ।

अनुरोधक : मल्लरानी गाउँपालिका खलंगा, प्यूठान

प्यु.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : १/०७९/०८०
समाचार
भुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
भुलेनी पोष्ट साप्ताहिक

# पुग्नै पर्ने गन्तव्य : शहिद पार्क
# विदामा ओइरिन्छन् पर्यटक



भुलेनी पोष्ट,
प्यूठान

प्यूठान नगरपालिका ४ गाँजुरीमा अवस्थित शहिद स्मृती पार्क घुमफिरको केन्द्र बन्दै गएको छ । शनिवार र विदाको दिन मात्र दैनिक सालाखाला ५ सय देखि १ हजार जना आन्तरिक आन्तरिक पर्यटकहरुले घुम्ने गरेको पार्क निर्माण तथा व्यवस्थापन समितिका सचिव भबिन्द्र शर्मा बताउँछन् ।

'पार्क निर्माणाधीन अवस्थामा छ',शर्माले भने, 'गुरुयोजना बमोजिम पार्क निर्माण सम्पन्न हुने हो भने यो जिल्लाकै पहिलो तथा उत्कृष्ठ उद्यान बन्नेछ ।' प्यूठान उद्योग वाणिज्य संघले २०७४ मा पार्क निर्माणको परिकल्पना गरेको संघका पूर्व अध्यक्ष एवं पार्क निर्माण तथा व्यवस्थापन समितिका अध्यक्ष ज्ञामुराम न्यौपानेले जानकारी गराए । 'पार्क निर्माण उद्योग वाणिज्य संघको सपना थियो',उनी भन्छन्,'जिल्लाको मध्य भागमा पार्क रहनु प्यूठानकै गरिमा बोकेको आकर्षक गन्तव्यको एउटा महत्वपूर्ण क्षेत्र हो ।'

पार्क स्थलमा खानेपानी, शौचालय, पिकनिक स्थल, शहिद स्मारक, आन्तरिक सडक निर्माण सम्पन्न भएको छ । अहिले सम्म दुई करोड भन्दा माथी खर्च भइसकेको न्यौपानेले बताए । पार्क स्थलमा भ्यू टावर, प्रवेशद्वार निर्माणमा बजेट कमी भएको उनको भनाई छ । यसवर्ष भ्यू-टावरमा पुग्ने सिँढी निर्माण गर्न लागिएको उनले जानकारी दिए । पार्क स्थलमा भ्यू टावर, प्रवेशद्वार निर्माणमा बजेट कमी भएको उनको भनाई छ ।

पार्क निर्माण सम्पन्न गर्न १४ करोड लागत लाग्ने विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) मा उल्लेख छ । २० बिगाह जमिन क्षेत्रफलमा फैलिएको पार्क स्थलमा बगैंचा उद्यान, घेरावन्दी तथा प्रवेशद्वार निर्माणको काम बाँकी छन् । सशस्त्र प्रहरीको स्थानान्तरण नहुँदा पार्कको प्रवेशद्वार तथा पार्क स्थलको घेरा पर्खाल लगाउने काममा अवरोध उत्पन्न भएको निर्माण तथा व्यवस्थापन समितिले जनाउँदै आएको छ ।

पार्क निर्माणमा प्यूठान उद्योग वाणिज्य संघको ३० लाख रुपैयाँ, प्यूठान नगरपालिका, डिभिजन वन कार्यालय प्यूठान, पर्यटन विभाग तथा लुम्विनी प्रदेश सरकारको सहयोग छ । पार्कको आम्दानीबाट २५/२५ प्रतिशत प्यूठान उद्योग वाणिज्य संघ, प्यूठान नगरपालिका तथा दुई सामुदायिक वनलाई २५/२५ प्रतिशत रकम बाडँफाडँ गर्ने सहमती गरिएको छ ।

## विवाद...

नै प्रहरीले मतपेटिका बोकेर आएको भन्दै विरोध भएको थियो । सर्वदलीय बैठकमा यसै विषयलाई लिएर गठवन्धन दल र नेकपा एमालेका प्रतिनिधीबीच चर्काचर्की भएको थियो । यस मतदान केन्द्रमा बलभद्र मावी बादीकोटका शिक्षक हरिराम जैसी मतदान अधिकृत थिए । सर्वदलीय बैठकमा जिल्लाको सुरक्षा संयत्रमाथी समेत प्रश्न उठेको थियो । जिल्लाभर कुल ५५ दशमलव ७० प्रतिशत अर्थात ८८ हजार ९ सय ९८ मत खसेको छ । महिला ५२ हजार १ सय ७३ र पुरुष ३६ हजार ८ सय २५ जनाले मतदान गरेका छन् । जिल्लामा कुल १ लाख ५९ हजार ७ सय ६० मतदाता छन् । शुरुमा सरुमारानी गाउँपालिका र नौवहिनी गाउँपालिकाबाट मतगणना थालिएको छ ।

## आहा...

बहुदलीय प्रजातन्त्र नै निमोठ्ने काम भएकोमा प्युठानेहरु राजतन्त्रप्रति अलि बढी रिसाएका रहेछन् । प्युठानेहरु गणतन्त्रमा विश्वास राख्छन् । यस महान काममा उनीहरुले चुहाएको पसिना र बलिदानको अक्षय कृति स्वर्णाक्षरले लेखिने छ । प्यूठानको माटोमा मोहविक्रम सिंह, मोहन वैद्य, वामदेव गौतम, लिलामणि पोखरेललगायतका वाम नेताहरुले मुलुकको स्वतन्त्रताको लागि केही काम गरेका छन् । पछिल्लोपटक डा. गोविन्द पोखरेलको नाम पनि सुनियो । डा.गोविन्द पोखरेललाई उमेदवारी नदिएर दुर्गा पौडेललाई नै उठाउने कुराले त्यहाँको राजनीति अलि तरङ्गित भएको छ । धेरैले त्यसको प्रत्यक्ष फाइदा सूर्य थापालाई जान्छ भन्ने निष्कर्ष निकाल्दै थिए । निकै चलाक मानिने सूर्य थापाले चुनावी माहोल बनाउँदै थिए ।

कार्यक्रम सम्पन्न भयो । यहाँ पनि मञ्चमा थोरै राख्ने परम्परा शुरु भएको छ । मञ्चमा प्रा.डा. गितु गिरी र प्राज्ञ गोपिन्द्र पौडेल रहनु भयो । हामी सबै खुसीसाथ परिसरमा बस्यौं । यसले कार्यक्रमलाई समतलीय बनायो । प्रमुख जिल्ला अधिकारी सुनिता नेपालको भूमिका र जिल्ला समन्वय समितिका अध्यक्ष धरमबहादुर जिसी, प्युठान नगरपालिकाका प्रमुख विष्णु योगी, स्वर्गद्वारी नगरपालिकाका नगरप्रमुख टेकप्रसाद भण्डारीको योगदान पनि छ । यस कार्यक्रमलाई नौवटै पालिकाले सघाएका रहेछन् । जिल्ला समन्वय समितिका अध्यक्ष धरमबहादुर जिसी त गायक पनि रहेछन् । उनले गीत गाए । सहभागीहरु नाँचे ।

त्यस बीचमा प्युठानका चर्चित साहित्यकारहरु मदनबहादुर केसी, देवेन्द्र कुमार रिजाल सम्मानित भए । कविता प्रतियोगितामा १६ जनाले नाम दर्ता गराएका थिए । विभेद विरुद्ध शंखनाद गरेका सुशील सुनार, सुनील विश्वकर्मा, युवराज भण्डारी पुरस्कृत भए । निमबहादुर थापाले एकलाखको अक्षय कोष राख्ने घोषण गरे । उता मदनबहादुर केसीले पनि वार्षिक दश दश हजार पुरस्कार राशि दिने गरी एक लाखको अक्षयकोष राख्ने विचार गरे । प्राज्ञ गोपिन्द्र पौडेलले एकलाखको पुरस्कार राशि राखीसकेका रहेछन् । त्यो बीचमा मदन बहादुर केसी, कमल पोखरेल, धनप्रसाद सुवेदी र भक्ति थापा स्मृति प्रतिष्ठानबाट एकएक पुस्तक प्राप्त गरेर धन्य भएको थिएं।

समय घर्कदै थियो । हामी अत्तियौं । सूर्य पश्चिम पुगेर पूर्वतिर किरण छर्दै गोधूलीको संकेत गरे । हामी ठीक पाँच बजे हतार हतार त्यहाँबाट मायाको चिनो हात हातमा समाएर भावुक हुँदै र हात हल्लाउँदै निस्कियौं । आहा प्युठान ! प्युठानबासीले हाम्रो मन जिते । दिलभरि प्युठान बोकेर फर्कियौं । प्युठानीले प्यूठानको पहिचान उज्यालो बनाए । प्युठानेहरुलाई धेरैधेरै धन्यवाद । प्युठानीको क्रियाशीलता, विवेक र विद्वताबाट हामीले धेरै सिक्नु पर्छ ।

रेडियो भुलेनी
१०४.७ मेगाहर्ज
समाचार, सूचना, विचार र विज्ञापन प्रसारणका लागि हामिलाई सम्पर्क
०८६-५९०४३६
www.jhulenipost.com

भुलेनी पोष्ट साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क : ०८६-५९०४३६

नगरपालिकावासिलाई अनुरोध
ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं ।
अनुरोधक : स्वर्गद्वारी नगरपालिका भिंग्री, प्यूठान

पालिकाबासीलाई अनुरोध
१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
अनुरोधक
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बिजुवार प्यूठान

जनहितमा जारी सन्देश
- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चपी प्रयोग गरिसके पछि सावुन पानीले हात धुने बानी बसालौं ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।
- घर भित्र र घर वरपर नियमित सरसफाई गरौं ।
- दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौं । खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टा छुट्टै भाँडामा संकलन गरौं ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।
अनुरोधक:
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय परिवार प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# स्वास्थ्य बिमा कार्यक्रमले सामुदायिक फार्मेसीहरूमा पारेको प्रभाव



नविन विष्ट

नेपाल सरकारले सन २०१५ मा नेपालमा स्वास्थ्य बिमा सेवाको सुरुवात गरेको हो। सुरुमा बागलुङ, कैलाली र इलाम जिल्लाबाट सुरु भएको यो कार्यक्रम अहिले नेपालको ७७ वटै जिल्लाका जनताहरूलाई सेवा दिइरहेको छ। स्वाथ्य सेवा देशका सबै नागरिकहरूले सहुलियत मूल्यमा पाउनुपर्छ भन्ने उद्देश्यले सुरुवात गरेको यो कार्यक्रमले देशका मुख्यतः गरिब अनि विपन्न वर्गका मानिसहरूलाई धेरै राहतको काम गरिराखेको छ। स्वाथ सेवा देशका सबै नागरिकहरुको मौलिक अधिकार भएको अनि देशका सबै नागरिकहरुलाई सस्तो मूल्यमा स्वास्थ्य सुविधा उपलब्ध गराइरहेको हुँदा स्वास्थ्य बिमा कार्यक्रम देशको सफल अनि नेपाल सरकारको एउटा प्रशंसा गर्नयोग्य कार्यक्रम बन्न पुगेको छ।

नेपाल सरकारले यस स्वास्थ्य बिमा कार्यक्रम दीर्घकालिन रूपमा अगाडि बढाउन उत्कृष्ट नीति र योजना बनायता पनि यसको कार्यान्वनमा भने केही कमजोरीहरु भएको पछिल्ला दिनहरूमा बिरामीहरूको निराशाबाट अनुभूति गर्न सकिन्छ। सरकारले यस बिमा कार्यक्रम लागुहुने सरकारी अस्पतालमा सबै प्रकारका चेकजाँचका उपकरणहरू उपलब्ध नहुँदा, दक्ष जनशक्तिको अभाव, सीमित प्रकारका मात्रै औषधिहरू उपलब्ध हुँदा आधाउँदि मात्रै सुविधा बिमा अन्तरगत पाइने बिरामीहरूको गुनासो छ।

यस समस्यालाई समाधान गर्नको लागि सरकारले पहल नगरेको भने होइन। यस कार्यक्रममार्फत प्राथमिक स्वास्थ्य केन्द्रमा सम्भव नभएका सुविधाहरु बिरामीहरूलाई उपलब्ध गराउनका निमित्त सरकारले देशका विभिन्न ठाउँमा रहेका सुविधा सम्पन्न प्राइभेट अस्पतालहरुसँग समन्वय गरेको छ। यद्दपि सरकारले समयमै ती अस्पतालहरुलाई पैसा भुक्तानी नगर्दा यो सुविधा प्राइभेट अस्पतालहरुले बेलाबेलामा बन्द गरिदिने हुँदा बिरामीहरूलेनै सास्ती बहोर्नुपरेको गुनासो छ। साथै बिमाको रकम बराबरको सुविधा लिइसकेपछि प्राइभेट अस्पतालकै रेटमा बिपन्न नागरिकहरुले पैसा तिर्न नसक्ने हुँदा अर्को समस्या देखिएको छ। घरबाट टाढा बस्दै गर्दा बिरामी भएमा प्राथमिक केन्द्रमा गएर रिफर ल्याउनुपर्ने,सामान्य चेक र औषधिको लागि पनि चिकित्सकको प्रेस्क्रिप्सन चाहिने र रिफरको समय अवधि छोटो हुँदा समस्या भएको घरबाट टाढा बस्ने विमितहरुको गुनासो छायस बिमा कार्यक्रम लागूहुने, देशको जुनसुकै स्वास्थ्य केन्द्रबाट सजिलै बिमाको सुविधा पाउनुपर्ने व्यवस्था सरकारले मिलाइदिन पर्ने उनीहरूको आसय छ।

फार्मेसी क्षेत्रमा केन्द्रित भएर हेर्दा स्वस्थ्य बिमा बोर्ड सुविधा थैलीमा उल्लेखित गरे अनुसार ११०८ प्रकारका औषधिहरू अस्पताल फार्मेसीबाट बिमितहरुलाई निःशुल्क उपलब्ध हुने जनाइएको छ। यती धेरै औषधिहरू निःशुल्क रूपमा पाइने हुँदा बिरामी तथा दीर्घरोगीहरुलाई आर्थिक रूपमा धेरै सहायता भएपनि सामुदायिक फार्मेसीहरुमा भने यो स्वास्थ्य बिमा कार्यक्रमले निकै असर परेको पछिल्ला दिनहरूमा देखिएको छ। प्रायः सामुदायिक फार्मेसीहरुमा दैनिक रूपमा दिर्घोघगीहरुलाई चाहिने प्रेसर,सुगर,दम इत्यादिका औषधीहरु विशेष रूपमा बिक्री वितरण भएको पाईन्छ। दैनिक रूपमा जटिल तथा महंगा औषधि भन्दा पनि सामान्य रूपमा ओभर द काउन्टर औषधिहरु बेचेर सामुदायिक फर्मासिस्टहरुले जीविकोपार्जन गरेको पाईन्छ। आजकल स्वास्थ्य बिमा अन्तर्गत यी प्रायजसो सबै औषधिहरू निःशुल्क रूपमा पाइने हुँदा सामुदायिक फार्मेसीहरुमा व्यापार ह्वात्तै घटेको पाइएको छ। यति धेरै औषधिहरू निःशुल्क रूपमा सरकारी अस्पताल फार्मेसीबाट सजिलै उपलब्ध हुने भएपछि सामुदायिक फार्मेसीहरुमा व्यापार नै नभए सरह देखिएको छ।

यस स्वास्थ्य बिमा कार्यक्रमले देशभरिका सामुदायिक फार्मेसीहरुमा प्रतिकूल असर देखिएको छ, मुख्यतः सहरी भन्दा पनि ग्रामीण क्षेत्रमा बिरामीहरूलाई औषधि सुविधा दिन खोलिएका सामुदायिक फार्मेसीहरु बन्द हुने नै स्थिति मा पुगेका छन भने कतिपय त बन्द नै भइसकेका छन्। सहरी क्षेत्रमा पनि कतिपय सामुदायिक फार्मेसीहरुले व्यापार नहुँदा स्टाफलाई तलब र पसल भाडा पनि तिर्न मुस्किल भएको गुनासो गरेको पाइएको छ। औषधि उपचारमा चाहिने प्राय सबै किसिमका औषधिहरू स्वास्थ्य बिमा कार्यक्रमबाट निःशुल्क रूपमा नै अस्पताल फार्मेसीबाट पाइने हुँदा बिरामीहरु सामुदायिक फार्मेसी तिर आउन छाडेको उनीहरूको गुनासो छ। अझ सरकारले अब बिमाको सुविधा बढाएर १० लाख सम्मको बनाउने योजना गरिरहेको हुँदा उनीहरूमा झन् निरासा बढेको छ।

औषधि व्यवस्था विभागका अनुसार नेपालमा हालसम्म २७ हजार ९०३ फार्मेसीहरु दर्ता भएका छन्। अब सामुदायिक फार्मेसीहरुमा भोलि कतै फार्मेसीनै बन्द पो गर्नुपर्ने स्थिति हुनेहो कि भन्ने कुराको त्रास उत्पन्न भएको पाईन्छ। वर्षौंदेखि यिनै फार्मेसीबाट नै गुजारा चलाउँदै आइरहेका र सामुदायिक फार्मेसी खोलेर नै जीविकोपार्जन गर्छु भनेर सोच बनाएका देशका यतिधेरै फर्मासिस्टहरु भोलि सम्झेर नै निरास भएका छन्।

हालसम्म काउन्सिलमा दर्ता भएका डिप्लोमा तहका ८ हजार ३ सय ५९ र ब्याचलर तर्फ ४ हजार २ सय ६१ जना गरी नेपालमा हाल १२ हजार ६ सय २० जना फर्मासिस्टहरु छन्। वर्षेनी नेपालमा डिप्लोमा तहमा २ हजार देखि २२ सय र ब्याचलर तहमा १ हजारदेखि १५ सयसम्म जनशक्ति उत्पादन हुने गर्छन्। एक वर्षमा यति धेरै फर्मासिस्टहरु करिब (३०००-३५००) पढाउन सिट निर्धारण गरेको सरकारले सरकारी स्तरमा निकै न्यून मात्रामा करिब १ प्रतिशत भन्दा पनि कम संख्यामा लोकसेवा आयोगमा विज्ञापन खुलाउँदै आएको पाईन्छ। सरकारी सेवामा प्रवेश गर्न निकै कम संख्याको माग हुने र नाम निस्कने मौका निकै न्यून हुने हुँदा अधिकांश पदाई सकेका फर्मासिस्टहरुले कि त आफै कम्युनिटी फार्मेसी खोल्ने कि कम्युनिटी फार्मेसीहरुमा जागिर गर्ने गरेको पाईन्छ।

यस कुराले नेपालका अधिकांश फर्मासिस्टहरु सामुदायिक फार्मेसीमा कतिधेरै निर्भर छन् त भन्ने कुरा दर्साउँछ। तर आहिले स्वास्थ्य बिमा कार्यक्रमले सृजना गरेको वातावरणले देशका यति धेरै दक्ष जनशक्तिको भविष्य अन्योलमा परेको छ। साथै फार्मेसी पढ्ने सोच बनाइरहेका र पढ्दै गरेका विद्यार्थीहरुलाई समेत पढ्नेबेलामा यति धेरै पैसा खर्च गरेर पढेर भोलि कतै बेरोजगार पो बस्न पर्ने हो कि भन्ने चिन्ताले निरुत्साहित परेको छ। फार्मेसी पढाउन खोलिएका शैक्षिक संस्थाहरु पनि विद्यार्थीहरुको फार्मेसी पेसा तर्फको घट्दो आकर्षण र विद्यार्थी भर्ना हुने संख्या वर्षेनि रूपमा घट्दो देख्दा निकै चिन्तित बनेका छन्। यस्तो अवस्थाले भोलि कतै फर्मासिस्टहरुको अस्तित्व नै सकिने पो होकी भन्ने प्रश्न पनि उत्पन्न गरेको छ।

यस समस्याको समाधानको बाटो सोच्दा, आफ्नो देशका जनता हरुलाई सुलभ मूल्यमा गुदस्तर स्वास्थ्य सेवा प्रदान गर्नु सरकारको दायित्व हो साथै आफ्नो देशमा उत्पादन भएका यति धेरै दक्ष जनशक्ति (फर्मासिस्ट) लाई रोजगारको वातावरण सृजना गर्न पनि सरकारको भूमिका रहनुपर्छ। हालसम्मको स्थिति हेर्दा स्वास्थ्य बिमा बोर्ड सुविधा थैलीमामा करिब ११०८ औषधिहरु उपलब्ध हुने जनाएपनि कहिले औषधिको अभाव, कहिले टेन्डर भएता पनि औषधि अस्पतालमा नआइपुगेको इत्यादीको समस्या देखाई कतिपय औषधिहरू बिरामीहरु बाहिर सामुदायिक फार्मेसीबाट किन्न बाध्य भएको पाइन्छ। यहाँ पनि बिमितहरु आफूले निःशुल्क पाउन पर्ने औषधि बाहिर सामुदायिक फार्मेसीमा पैसा तिरेर किन्न बाध्य छन्। स्वास्थ्य बिमा प्रतिको जनताको सचेतना र बढ्दो आकर्षणले अस्पताल फार्मेसीहरुमा बिरामी चाप उच्च हुन थालेकोले अस्पताल फार्मेसीहरुको टेन्डर (खरिद प्रकिया) मा समस्या देखिएको छ। सरकारले बिमा मार्फत अस्पताल फार्मेसीमा समयमै पैसा भुक्तान नगरिदिँदा समय समयमा सरकारी अस्पतालहरूले समेत बिमा सुविधा केही समयको लागि बन्द भएको सूचना निकालेको पाइन्छ। यस्ता कुराहरूले बीमितहरुनै मारमा पर्दछन्।

तसर्थ सरकारले यस स्वास्थ्य बिमा कार्यक्रम थप सहज र देश भरीका सबै नागरिकहरुको पहुँचमा पुऱ्याउन देशका सबै सामुदायिक फार्मेसीमाहरुमा सम्वनय गर्ने हो भने बीमितहरुले झन् सहज रुपमा नै औषधि सुविधा पाउने छन्। अस्पताल फार्मेसीमा नपाइएको औषधि बाहिर फार्मेसीहरुबाट निःशुल्क बिरामीहरूलाई पाए यस बिमा कार्यक्रमले थप सार्थकता पाउने थियो। आफूलाई चाहिएको औषधि डाक्टरको प्रेस्क्रिप्सन देखाएपछि जुनसुकै फार्मेसीबाट पनि निःशुल्क रूपमा बिरामीले पाउने व्यवस्था मिलाउने अनि सरकारले फार्मेसीहरुलाई समयमै पैसा भुक्तानि गरिदिने हो भने बिमितहरुलाई पनि सहजता र सामुदायिक फार्मेसिहरुको पनि भविष्य अन्योलमा पर्ने छैन।

आजकल प्रविधिको समय छ। यस कुरामा पारदर्शिता ल्याउनको लागि हरेक नागरिकहरुको डिजिटल बिमा कार्डको व्यवस्था गर्ने, उसको प्रेस्क्रिप्सनको डिटेल रेकर्ड र कम्युनिटी फर्मासिस्टहरुले सिधा बिमा बोर्डमा अपलोड गर्दिने व्यवस्था मिलाए बीमितको सेवा सुविधा के कति लिएको छ, कति बाँकी छ सजिलै थाहा हुनेछ।आजकलको प्रविधिको जमानामा यो कुरा सजिलै सम्भव पनि छ। यस्तो व्यवस्था सरकारले नीति ल्याएमा बीमित तथा बिरामीहरुलाई पनि सहजता अनि सामुदायिक फार्मेसीहरुको पनी भविष्य सुनिश्चत हुने थियो।

मल्लरानी वडा नं. ३ को अनुरोध
ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरूको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरूपयोगमा खबरदारी गरौं।
मनोज कुमार जि.सी.
सचिव
नोमराज पौडेल
वडाध्यक्ष
एवं समस्त मल्लरानी गाउँपालिका ३ वडापरिवार, प्यूठान

गाउँपालिकाबासीलाई अनुरोध
ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं।
अनुरोधक
सरूमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बड्डाँडा प्यूठान

# स्ट्रबेरी / भूईंकाफल खेति गर्ने तरिका

-जानकारी

स्ट्रबेरी / भूईंकाफल ( Strawberry) फ्रागार्या प्रजातिको विरूवा हो । यो फल विश्वव्यापी खेती गर्ने गरिन्छ भने यस फलको विशेष गन्ध यसको पहिचान बनेको छ। यो फल रातो रङ्गको हुने गर्दछ । यस फललाई ताजा फलको रूपमा साथै प्रशोधन गरि जाम, रस, आइसक्रिम, मिल्क शेकको रूपमा समेत खाने गरिन्छ।



**१) भूईंकाफल ( Strawberry)कस्तो हावापानीमा हुने बाली हो?**

हावापानीको दृष्टिकोणले यो बाली शीतोष्ण प्रदेशीय हो। यसका विभिन्न जातहरु विभिन्न हावापानीमा अनुकूलित हुने किसिमले विकसित भएकोले यसको खेती समशीतोष्ण प्रदेशसम्म भैरहेको छ। यसको खेती संसारका धेरै देशहरुमा भैरहेको पाईन्छ र पौष्टिकताको हिसाबले महत्वपूर्ण मानिन्छ।

**२) यसको खेती धरातलिय हिसाबले कति उचाई सम्म हुन्छ ?**

यसको खेती समुद्र सतहबाट १००० देखि २००० मिटरसम्म सफलताका साथ भैरहेको छ । प्रशस्त घामको प्रकाश पुग्ने र सिंचाईको सुविधा पुऱ्याउन सकिने ठाउँमा यसको खेती राम्रो हुन्छ।

**३) यसको गुणस्तरीय फल उत्पादन गर्न तापक्रमको कस्तो अवस्था रहनु पर्दछ?**

यस बालीको वृद्धि र विकासको लागि २२ देखि २५ डिग्री सेल्सियस दिनको र ७ देखि १३ डिग्री सेल्सियस रातको तापक्रम सबैभन्दा राम्रो मानिन्छ । ७ डिग्री सेल्सियस भन्दा तलको तापक्रम हुँदा र तुषारो पर्दा फूल मर्ने समस्या देखिन्छ। अतः हाल त्यस्तो प्रतिकूल मौसम भएका ठाउँहरुमा प्लाष्टिक हाउसमा खेती गर्ने चलन बढेको पाईन्छ।

**४) यसको सफल खेतीको लागि कस्तो प्रकारको माटो बढी उपयुक्त मानिन्छ ?**

प्रशस्त प्राङ्गारिक पदार्थ भएको, पानी नजम्ने तर पानी अडिने, हल्का बलौटे दोमट, हल्का अम्लिय पि.एच. मान ५.७ देखि ६.५ सम्म भएको माटो उत्तम मानिन्छ।

**५) माटोको अम्लियपना र अन्य तत्वको कमीले बिरुवामा कस्तो असर पार्दछ?**

माटोमापि.एच. को मात्रा बढी भएमा जराको वृद्धि विकास राम्रो हुँदैन । साथै क्याल्सियमको मात्रा बढी भएमा पात ओइलाउने समस्या बढी हुन्छ। एउटै जमिनमा धेरै वर्ष खेती गर्न राम्रो मानिंदैन।

**६) भूईंकाफलका जातहरु कति छन् होला?**

नेपालमा थुप्रै जातहरु भित्र्याइएका छन् जसमध्ये प्रिमियर, नर्थवेष्ट, रेडकोर्ट, रोयल सोभरिन, आलब्रिटन, न्योहो, ओफ्रा, क्यामारोसा, ब्लेक मोर, ओनो आदि मुख्य हुन्।

**७) यसका बिरुवा कसरी उत्पादन गरिन्छ ?**

यसको बिरुवा तयार गर्दा फल फलिसकेका रनर्सलाई प्रयोग गरिन्छ। एउटा स्वस्थ्य बिरुवाबाट १२-१८ वटासम्म रनर्स तयार गर्न सकिन्छ। माउबोटबाट निस्केका लहराहरु भूईंको सम्पर्कमा आउँदा गाँठोबाट जरा निस्कन्छन् र नयाँ रनर्सको विकास हुन्छ।

**८) यसका बिरुवाहरु तयार हुन कति अवधि पर्खनु पर्दछ ?**

माघ-फाल्गुणमा लगाईएको बिरुवा जेष्ठ-आषाढमा रनर्सको रुपमा विकसित हुन्छन् र तिनीहरुलाई नर्सरी ब्याडमा सारेर हुर्काएपछि आश्विन-कात्तिकमा बगैंचामा सार्नको लागि तयार हुन्छन्।

**९) भूईंकाफलको बिरुवा रोप्नु अगाडी जग्गाको तयारी कस्तो हुनु पर्दछ ?**

यसका बिरुवा साना र लहरा जाने किसिमका भएकोले जग्गाको तयारीमा निकै ध्यान पुऱ्याउनु पर्दछ। माटोलाई २-३ पटक खनजोत गरी डल्ला फुटाई झारपात हटाई माटोलाई खुकुलो र बुरबुराउँदो बनाउनु पर्दछ।

**१०) प्रति रोपनीमा लगाउने बिरुवाको लागि कति परिमाणमा मलखादको प्रयोग गर्नु पर्ला ?**

यसको लागि माटो निकै मलिलो चाहिने हुँदा प्रति रोपनी २.५ मे.टन गोबर वा कम्पोष्ट मल, ६-८ के.जी. यूरिया, ५-६ के.जी. डि.ए.पि. र ५-७ के.जी. म्यूरेट अफ पोटास आवश्यक पर्दछ। यसको अलावा जिंक सल्फेट ०.५%, क्याल्सियम सल्फेट ०.५%, र बोरिक एसिड ०.२% फोलिएर स्प्रे गर्दा उत्पादनमा वृद्धि हुन्छ।

**११) यसका बिरुवाहरुकुन समय र कति दूरिमा लगाउन उचित हुन्छ ?**

यसका बिरुवा बगैंचामा लगाउँदा भाद्र-आश्विन र माघ-फाल्गुणमा लगाउन उपयुक्त हुन्छ। बिरुवा देखि बिरुवाको दूरी ४५ से.मी. तथा लाईन देखि लाईनको दूरी ७५ से.मी. राख्नु उचित हुन्छ। एक रोपनी जमिनको लागि १७५ देखि २२५ वटासम्म बिरुवाको आवश्यकता पर्दछ।

**१२) यसलाई अन्य बाली भन्दा केही विशेष हेरचाह गर्नु पर्दछ ?**

यसका जराहरु माटोको सतहमै फैलिने हुँदा माटोमा प्रशस्त चिस्यान रहनु पर्दछ र झारपात बढ्न दिनु हुँदैन। यसको लागि कालो रङ्गको १.५ मि.मि. मोटाई भएको प्लाष्टिकले मल्चिङ्ग गऱ्यो भने चिस्यान पनि कायम रहन्छ र झारपात पनि पलाउन दिंदैन।

**१३) यसलाई सिंचाईको कति आवश्यकता पर्दछ ?**

यसका जराहरु छोटो हुने र सतहमै फैलिने हुँदा माटोमा चिस्यान कायम राखी रहन आवश्यक हुन्छ । हिउँदको मौसममा कात्तिक देखि माघसम्म महिनाको दुई पटक सिंचाई गरे पुग्छ भने गर्मी मौसममा हप्ताकै दुई पटक सिंचाई गर्नु पर्ने हुन्छ।

**१४) भूईंकाफलका बिरुवालाई काटछाँट र तालिमको जरुरी हुन्छ ?**

उत्पादनमा वृद्धि गर्न र गुणस्तरीय फल उत्पादन गर्न काटछाँट र तालिमको नितान्त आवश्यकता पर्दछ । बिरुवालाई तीन प्रकारले तालिम दिन सकिन्छ। पहिलो एक मूल प्रणाली जसमा शुरुमा रोपेको मूलबोट राखी अन्य सबै रनर्स उखेलेर हटाउनु पर्दछ। दोश्रो चार मूल प्रणाली जसमा पहिले रोपेको मूलबोटबाट चारवटा रनर्सलाई बढ्न दिईन्छ भने तेश्रो बहुमूल प्रणालीमा एक फिटसम्मको दूरीमा सबै रनर्सलाई बढ्न दिइन्छ र त्यसपछिका रनर्सलाई बढ्न नदिई सबैलाई उखेलेर हटाइन्छ।

**१५) यसको फल तयार हुन कति अवधि लाग्दछ ?**

फूल फुलेको करीब ३० देखि ४५ दिनभित्र फलको विकास हुन्छ र त्यसको १५ देखि २० दिन पछि फल टिप्नलायक हुन्छ।

**१६) भूईंकाफलको फल पाकेको कसरी पहिचान गर्न सकिन्छ ?**

फलको आधा चौथाई भागमा रङ्गको विकास भएपछि फल टिप्नलायक हुन्छ । ठीक्क पाकेको फल गुलाबी रातो सुन्तले देखि जात अनुसार बैजनी रङ्गको हुन्छ।

**१७) यसको फल कसरी टिप्नु पर्दछ ? के सबै फल एकै पटक टिप्न सकिन्छ ?**

फल एकै पटक नपाक्ने भएकोले पटक पटक गरी टिप्नु पर्दछ। फललाई एक एक गरी भेट्नो सहित नङ्गले वा सानो खाले क्लिपरको सहायताले टिप्नु पर्दछ । नजिकको बजारको लागि फल पूरै पाकेपछि टिप्नु पर्दछ भने टाढाको बजारका लागि आधा रङ्ग विकसित भएपछि टिप्नु पर्दछ।

**१८) यसको उत्पादन प्रति रोपनी कतिसम्म लिन सकिन्छ?**

यसको उत्पादन माटोको मलिलोपना, सिंचाई तथा मौसमले निर्धारण गर्दछ। सरदरमा लिने हो भने १-२.५ मे.टन सम्म उत्पादन भएको पाइएको छ।

**१९) यसबालीलाई कीराहरुले कतिको सताउँदछन् ?**

अन्य बालीहरुको तुलनामा कीराहरुकमै लाग्दछन् तापनि रातो माकुरे, सुलसुले र जापानिज खपटे कीराहरुले नोक्सानी गर्दछन्।

**२०) यसमा लाग्ने रातो माकुरे कीरा कस्तो खालको कीरा हो र यसलाई कसरी नियन्त्रण गर्न गरिन्छ ?**

दुई थोप्ले रातो माकुरे, सुलसुले पातको तल्लो सतहमा बसी बिरुवाको पातबाट रस चुस्दछ र बिरुवा कमजोर भई उत्पादनमा ठूलो ह्रास हुन्छ । यसको नियन्त्रणका लागि मित्र जीवको संरक्षण तथा सुलसुलेनाशक डाइकोफोल १-२ मि.लि. प्रति लिटर पानीमा मिसाई छर्नु पर्दछ।

**२१) यसलाई नोक्सानी गर्ने कीरा जापनिज खपटेको बारेमा पनि केही बताई दिनु हुन्थ्यो कि ?**

यसको माउ खपटेले फलमा प्वाल पारेर खान्छ भने लाभ्रेले जरा खाई नोक्सानी गर्दछ । यसको रोकथाम गर्न विविध उपाय गर्न सकिन्छ जस्तै खपटेलाई टिपेर नष्ट गर्ने, फेरोमन पासोको प्रयोग गर्ने र बढी आक्रमण भएमा पाइरिथ्रीन वा कार्बारिल जस्ता विषादिहरु १-२ मि.लि. प्रति लिटर पानीमा मिसाई छर्नु पर्दछ।

**२२) यस बालीमा रोगको प्रकोप कस्तो छ?**

यस बालीमा देखा पर्ने रोगहरुमा खैरो ढुसी, कालो दाग हुने, खराने, पातको थोप्ले, जरा कुहिने आदि हुन्। यिनीहरु मध्ये खैरो ढुसी र जरा कुहिने रोगले बालीलाई बढी नोक्सानी गरेको पाइन्छ।

**२३) यस बालीमा खैरो ढुसी रोगले कसरी क्षति गर्छ र यसबाट बच्न के उपाय गर्नु पर्ला?**

यस रोगको ढुसीले आक्रमण गरेपछि फलमा खैरो धूलो जस्तो पाउडर देखिन्छ र रोगको प्रकोप बढी भएपछि फल सडेर जान्छ। यसलाई रोकथाम गर्न लक्षण देखिएका फलहरु टिपेर नष्ट गर्ने र फूल फक्रनासाथ थिराम वा क्याप्टन जस्ता विषादि १-२मि.लि. प्रति लिटर पानीमा मिसाई छर्नु पर्दछ।

**२४) यस बालीलाई आक्रमण गर्ने जरा कुहिने रोगको बारेमा पनि केही बताई दिनु हुन्छ कि ?**

यस रोगको ढुसीले बालीको जरामा आक्रमण गर्दछ र जराहरु कुहिन्छन् फलस्वरुप जराले खाद्यतत्व सोसेर पठाउन सक्तैन र बिरुवा मर्दछ । यसको रोकथाम गर्नेसबैभन्दा राम्रो उपाय बाली-चक्र अपनाउने र बगैंचामा पानी जम्न नदिने नै हो तर रोगको आक्रमण बढी भएमा बेभिष्टिन २ मि.लि. प्रति लिटर पानीमा मिसाई माटो उपचार गर्न सकिन्छ।

**२५) के भूईंकाफलको फल लामो समयसम्म घामको सम्पर्कमा आउँदा नोक्सानी हुन्छ ?**

लामो समयसम्म घामको सम्पर्क तथा सुख्खाको कारणले गर्दा फलको रातो रङ्ग विस्तारै हराउँछ र फलमा दाग देखिन्छ । माटोमा ठिक्कको चिस्यान कायम राख्ने र बढी घाम लाग्ने स्थानमा छायाँको व्यवस्था गरेमा यस समस्याबाट पार पाउन सकिन्छ।

**२६) एक्कासी फलको मुख फुट्ने र फल खोक्रो हुने समस्या पनि यदाकदा सुनिन्छ नि ?**

तापक्रममा आएको एक्कासीको परिवर्तनले गर्दा फलको टुप्पो फुट्ने साथै फल खोक्रो हुने गर्दछ जसलाई भ्यागुते मुख पनि भनिन्छ। यस्तो अवस्थालाई सहन गर्ने खालका जात पनि विकास भएका छन्।

**२७) कुनै कुनै अवस्थामा फलहरु बेआकारका हुने, एकनासको रङ्ग विकास नहुने जस्ता समस्या पनि सुनिन्छ नि के कारणले होला ?**

वास्तवमा यस्ता समस्याहरु यदाकदा देखिन्छन्। यसका धेरै कारणहरु मध्ये मौरीको क्रियाकलापमा कमी आई राम्ररी परागसेचन नहुनु, माटोमा नाईट्रोजनको मात्रा बढी हुनु आवश्यकता भन्दा बढी चिसो र तुषारो मुख्य मानिन्छ।

**२८) बजारमा मुल्य र माग कतिको छ ?**

राम्रो उत्पादन ४००-७०० होल्सेल मुल्य पर्दछ। बजारमा एस्को माग प्रसस्त छ।


## जाडोको समयमा चिसोबाट बचौं

-जाडोबाट बच्न तातो, पौष्टिलो तथा झोलिलो खानेकुरा खाऔं,
-न्यानो कपडा लगाऔं,
-घर तथा कोठा न्यानो बनाऔं,
-कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
-बालबालिकालाई तेल मालिस गरिदिऔं,
-बढी चिसोमा मर्निङ वाक नगरौं,
-चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
-दैनिक घाम ताप्ने गरौं ।

स्वास्थ्य कार्यालय प्यूठान

## भ्याट...

गरिनुका साथै महासंघसमेतको संलग्नतामा मुलुकभर मूल्य अभिवृद्धि करसम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गरिएका थिए। नेपाल चेम्बर अफ कमर्सका पदाधिकारीहरूसँग पनि मूल्य अभिवृद्धि करबारे विभिन्न छलफल तथा अन्तर्क्रिया आयोजना गरिएका थिए। मूल्य अभिवृद्धि करसम्बन्धी अन्तर्क्रिया विभिन्न जिल्ला उद्योग वाणिज्य संघहरूसँग पनि सञ्चालन गरिएको थियो। यस सन्दर्भमा भद्रपुर, धरान, विराटनगर, बनेपा, नारायणघाट, वीरगन्ज, पोखरा, बुटवल, भैरहवा, नेपालगन्ज, धनगढी, महेन्द्रनगर र काठमाडौंमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएका थिए।

### कर्मचारी व्यवस्था तथा प्रशिक्षण

मूल्य अभिवृद्धि कर कार्यान्वयन गर्ने सन्दर्भमा साबिकको बिक्रीकर तथा अन्तःशुल्क विभागलाई २०५३ साउन १ देखि मूल्य अभिवृद्धि कर विभागमा परिणत गरियो। करका विविध पक्षबारे कर प्रशासकका साथै भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, राजस्व प्रशासन तालिम केन्द्र, महालेखा नियन्त्रकको कार्यालय, महालेखा परीक्षकको विभाग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र महान्यायाधिवक्ताको कार्यालयका अधिकृतहरूका लागि विभिन्न प्रशिक्षण कार्यक्रम आयोजना गरिएका थिए। यसैगरी कर प्रशासकहरूका लागि विभिन्न मुलुकमा मूल्य अभिवृद्धि करसम्बन्धी प्रतिक्षण तथा अध्ययन भ्रमण आयोजना गरिएको थियो।

### मूल्य अभिवृद्धि कर कार्यान्वयन

मूल्य अभिवृद्धि कर २०५४ मंसिर १ गते लागू गरिएको थियो। पहिलो आर्थिक वर्ष २०५४-५५ मा यस करबाट ७ अर्ब १२ करोड रूपैयाँ राजस्व संकलन भएको थियो भने त्यसपछि निरन्तर वृद्धि हुँदै आर्थिक वर्ष २०७९-८० मा झन्डै ४ खर्ब रूपैयाँ संकलन हुने अनुमान छ। मूल्य अभिवृद्धि कर नेपालको राजस्वको सबभन्दा ठूलो स्रोतका रूपमा स्थापित भएको छ। यो करबाट कुल कर राजस्वको झन्डै एकतिहाइ र कुल गार्हस्थ्य उत्पादनको झन्डै ७ प्रतिशत जति संकलन हुने गरेको छ। विगत २५ वर्षमा मूल्य अभिवृद्धि कर राजस्वको औसत वार्षिक वृद्धि दर १८ प्रतिशत हाराहारी थियो। यो निकै उल्लेखनीय वृद्धि दर हो। यसमा दिइएका विभिन्न छुट खारेज गरेर कार्यान्वयनलाई सबल बनाए थप दुई खर्ब राजस्व परिचालन हुने सम्भावना छ । मूल्य अभिवृद्धि करमा आर्थिक वर्ष २०७८-७९ सम्म जम्मा २ ९०,४४१ करदाता दर्ता भएका थिए। दर्ता भएका करदाताले हरेक महिनाको कारोबार विवरण महिना समाप्त भएको २५ गतेभित्र आन्तरिक राजस्व कार्यालयमा बुझाउनुपर्छ। यस किसिमको विवरणमा डेबिट विवरण (करदाताले सरकारलाई कर तिर्नुपर्ने रकम देखाउने विवरण), क्रेडिट विवरण (करदाताले सरकारबाट कर फिर्ता माग गर्नुपर्ने रकम देखाउने विवरण) तथा शून्य विवरण (खरिद-बिक्री कुनै नभएको कारणले सरकारलाई न त कर तिर्नुपर्ने न त सरकारबाट कर फिर्ता माग गर्नुपर्ने विवरण) हुन सक्छन्। आर्थिक वर्ष २०७८-७९ को कुल विवरणमा डेविट, क्रेडिट र शून्य विवरणको हिस्सा क्रमशः ११.०३, ५८.८१ र ३०.१६ प्रतिशत थियो। यो सन्तोषजनक नभएकाले डेबिट विवरणको हिस्सा उल्लेखनीय रूपले बढाउनेतर्फ कदम चालिनुपर्छ।

यसैगरी आर्थिक वर्ष २०७८-७९ मा मूल्य अभिवृद्धि करमा दर्ता भएका करदातामध्ये झन्डै एकतिहाइले समयमा विवरण बुझाएका थिएनन्। अनुगमन प्रभावकारी बनाएर कुल करदातामा समयमा विवरण नबुझाउनेको प्रतिशत एक अंकमा झार्नु आवश्यक छ। आर्थिक वर्ष २०७८-७९ मा जम्मा ४ अर्ब २२ करोड रूपैयाँ मूल्य अभिवृद्धि कर फिर्ता गरिएको थियो। यो रकम कुल मूल्य अभिवृद्धि कर राजस्व संकलनको केवल १.२९ प्रतिशत थियो जुन अन्तर्राष्ट्रिय असल अभ्यासअनुसार निकै कम हो। त्यसैले कर फिर्ता व्यवस्थालाई सरल, छिटो छरितो बनाएर मूल्य अभिवृद्धि करको मूल्य-मान्यताअनुसार लगानी र निकासीलाई करको भारबाट पूर्ण रूपमा मुक्त गर्ने स्थिति सिर्जना गर्नुपर्छ ।

### निष्कर्ष

नेपालमा मूल्य अभिवृद्धि कर राजस्वको सबभन्दा ठूलो स्रोत हो। हाल लागू गरिएका अन्तःशुल्क, भन्सार महसुल तथा आयकरका तुलनामा कम लागतमा बढी राजस्व परिचालन गर्ने बढी सम्भावना भएको पनि मूल्य अभिवृद्धि कर नै हो। बिलमा आधारित कर प्रणाली भएकाले यसलाई प्रभावकारी बनाउन बजारमा सही किसिमको बिल लिने-दिने थिति बसाल्न सरकारले बिलविजकसम्बन्धी जनचेतना अभियान तथा बजार अनुगमनलाई व्यापक रूपमा लागू गर्नु जरूरी छ।

रेडियो झुलेनी
१०४.७ मेगाहर्ज
समाचार, सूचना, विचार र विज्ञापन प्रसारणका लागि हामिलाई सम्पर्क
०८६-५९०४३६
www.jhulenipost.com

गाउँपालिकाबासीलाई अनुरोध
लैङ्गिक हिंसाको विरोध गरौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्यूनीकरणका लागि अभियान चलाऔं ।
अनुरोधक
नौबहिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान

गाउँपालिकाबासीलाई अनुरोध
जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा गई निःशुल्क दर्ता गरौं ।
अनुरोधक
झिमरूक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, भ्यागुते प्यूठान

गाउँपालिकाबासीलाई अनुरोध
जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा गई निःशुल्क दर्ता गरौं ।
अनुरोधक : ऐरावती गाउँपालिका बरौला, प्यूठान

शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं
➢खुल्ला स्थानमा दिसापिसाब नगरौं।
➢शौचालयमा मात्र दिसापिसाब गरौं।
➢ दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
➢हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
➢सफा कपडा वा तौलियाले हात पुछौं।
जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।
नेपाल सरकार विज्ञापन बोर्ड

गाउँपालिकाबासीलाई अनुरोध
जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा गई निःशुल्क दर्ता गरौं ।
अनुरोधक
गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२), डिजाइन : सुजाता थापा क्षेत्री (९८६६८०७२३७)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जस्पुर, प्यूठान